# सर्वसाधारणलाई सास्ती

**टुडे समाचारदाता**

महोत्तरी । महोत्तरीको बर्दिवास अस्पतालमा सघन उपचार कक्षका उपकरण भए पनि तिनको उपयोग नहुँदा सर्वसाधारणले सास्ती बेहोर्नु परेको छ। भेन्टिलेटर नहुँदा उपचार नपाएर यसै साउनमा सर्पले डसेको ३२ वर्षीय एक युवाको मृत्यु भएको थियो । यसअघि गत असार अन्तिम साता पनि दुई किशोरको



सर्पदंशपछि सघन उपचार दिन नसकिँदा मृत्यु भएको थियो ।

वर्षेनी सर्पदंशका गम्भीर प्रकृतिका बिरामीलाई सघन उपचार गर्नपर्ने भएपछि सर्पदंश उपचार केन्द्र बर्दिवास-३ गौरीडाँडाले अन्यत्र रेफर गर्ने गरेको र बिरामीको बाटैमा मृत्यु हुने गरेका घटना बर्दिवास भेगमा बाक्लै हुने गरेका छन् ।

बढ्दो जनअसन्तोषको सम्बोधनकालागिगएसातास्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाबाट बर्दिवास अस्पतालले आइसियु भेन्टिलेटर उपकरण प्राप्त गरेको छ । यद्यपि भेन्टिलेटर प्रयोगमा नल्याइँदा यो सेवा प्रारम्भ हुन सकेको छैन । बर्दिवास अस्पतालले यसपालि प्राप्त गरेको भेन्टिलेटर पहिलो भने होइन । यसअघि गत वर्ष कोभिड-१९ सङ्क्रमण निकै बढेका बेला विभिन्न संस्थाले प्रदान गरेका भेन्टिलेटर दक्ष प्राविधिकको अभाव तत्सम्बन्धी व्यवस्थापनको बेवास्ताले बर्दिवास अस्पतालमा त्यत्तिकै थन्केर रहेका छन् ।

बर्दिवास अस्पतालमा तीन भेन्टिलेटर भएका छन् । साधन थपिँदै गए पनि त्यसको प्रयोगमा आवश्यक पर्ने जनशक्ति र अन्य व्यवस्थापन नगरिँदा आम सर्वसाधारणका लागि ती उपयोगविहिन बनेका बर्दिबास-१४ का बासिन्दा हरि दाहाल बताउछन 'उपकरण प्रयोगमा ल्याउन तत्काल स्थानीय सरकारले पहलकदमी लिन पर्‍यो ।' तीन भेण्टिलेटरको लागि एमजिडिपी चिकित्सक, तीनभन्दा बढी मेडिकल अफिसर र चारदेखि पाँच नर्स आवश्यक पर्ने बर्दिवास अस्पतालका चिकित्सक बताउँछन् । यसको समुचित प्रयोगका लागि एनेस्थेसिया (बेहोस बनाउने विधि) को विज्ञ टोली नै चाहिने डा किशोर अधिकारी बताउछन । भेन्टिलेटर प्रयोगमा ल्याउन प्रयोगशालाको स्तरोन्नतिदेखि अनेकौं आन्तरिक व्यवस्थापन मिलाउनुपर्ने चिकित्सक बताउँछन् ।

सघन उपचार प्रारम्भ गर्न आवश्यक प्रबन्धबारे बर्दिवास नगरपालिका नेतृत्वसँग सम्वाद भईरहेको बर्दिवास अस्पताल विकास समितिका अध्यक्ष जयनारायण शर्मा बताउछन । यो उपचार सेवा प्रारम्भ गर्न के के आवश्यक छ ? हामी विज्ञसँग सल्लाहमा छौं', शर्मा भन्छन, यथासक्य चाँडो स्रोतसाधन जुटाएर सेवा प्रारम्भ गरिने छ ।'

यसैबीच बर्दिवास नगरपालिकाका प्रमुख प्रल्हाद क्षत्रीले पनि जनस्वास्थ्य सरोकारका विषय प्राथमिकतामा रहेको बताइएको छ ।

हामीसँग भेन्टिलेटर थिएनन् । अब त्यो प्रबन्ध भएको छ', क्षत्री भन्छन, अब यो सेवा सञ्चालनका लागि अन्य आवश्यक चाँजो मिलाउनु पर्छ, स्थानीय तहले कति गर्नसक्छ त्यो गरिने छ र प्रादेशिक र सङ्घीय सरकारसँग पनि समन्वय गरिन्छ ।'

# हरवाचरवालाई नेतृत्व तालिम



**टुडे समाचारदाता**

जनकपुरधाम । जनपुरधाममा सोमबारदेखि हरवाचरवालाई नेतृत्व तालिम सुरु भएको छ । राष्ट्रिय दलित नेटवर्क नेपालको आयोजना र राष्ट्रिय हरुवाचरुवा अधिकार मञ्चको सहकार्यमा नेतृत्व विकास तथा जन वकालत विषयक तालिम सुरु भएको हो ।

हरुवाचरुवा मुक्त बनाउन, पहिचान र अधिकार उद्देश्यले तालिम दिइएको आयोजक संस्थाले जनाएको छ । तालिमको उद्घाटनमा मधेश प्रदेशका उद्योग, पर्यटन तथा वन मन्त्री शत्रुधन महतोले हरुवाचरुवाहरू समस्याको समाधान गर्ने प्रतिबद्धता गरे । समस्याको समाधानका लागि हरुवाचरुवाको वास्तविक तथ्याङ्कको सङ्कलन गरेर समाधानको उपायहरूको खोजी गर्ने उनले बताए । तीन तहको सरकारले ठोस योजना बनाएर काम गर्नुपर्ने आवश्यकता रहेको उनको भनाइ छ ।

राष्ट्रिय हरुवा चरुवा अधिकार मञ्चका राष्ट्रिय उपाध्यक्ष श्रीप्रसाद सदाको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय सदस्य गणेश विश्वकर्मा सहितका वक्ताहरूले हरुवाचरुवा मुक्तिको घोषणा भएपनि समस्या यथावत् रहेको बताएका थिए । मधेश प्रदेशमा एक लाखको हराहारीमा हरवाचरवा रहेको बताइएको छ ।

# मधेशका जिल्लाहरुमा ताजिया मेलाको रौनकता

**टुडे सामाचारदाता**

जनकपुरधाम । तराई मधेशका इस्लाम धर्मावलम्वीले मोहरममा आयोजना गर्ने ताजिया (दाहा) मेलाको रौनकता छाएको छ । इस्लाम धर्मका लागि ज्यानको आहुति (बलिदानी) दिने हजरत हसन र हजरत हुसेनको सम्झनामा मुस्लिम सामुदायहरु इस्लामिक महिना मोहरममा ताजिया मेलाको आयोजना गर्दै आएका छन् ।

जनकपुरधाम उपमहागरपालिका बिन्धी,पिपरा गाउँपालिकाको हर्दिया, लक्ष्मीनियाँ गाउँपालिकाको गजरिया, महोत्तरीको धवौली लगायतका ,स्थानमा ठूला दाहा( तजिया) मेलाको रौनकता छाएको छ । दाहा मेलामा मुस्लिम समुदायका युवाहरुले विभिन्न प्रकारका कलात्मक खेलहरु प्रदर्शन गर्नेछन् भने महिलाहरुले हसन हुसेनको सम्झनामा गीत गाउने गर्छन । तर पछिल्लो समय महिलाहरुले गीत गाउने चलन हराउँदै गएको



छ । मेलाको अन्तिम राम्रो खेल प्रदर्शन गर्ने खेलाडीहरुलाई तगमा वित्तरण गर्ने चलन रहेको छ ।

मोहरम महिनाको नऔ दिन अर्थात सोमवार पहिलो दिन मेलाको अन्य गाउँमा गएर खेलाडीहरुले खेल प्रदर्शन गरेका छन भने दोस्रो दिन आफ्नै गाँउकै मैदानमा दुई वा दुई भन्दा बढी ताजियाको मिलान अर्थात जोरा लगाईने कार्यक्रम रहेको छ ।

इस्लामिक क्यालेण्डर अनुसार मोहरम महिना चलिरहेको छ । मोहरम इस्लामिक क्यालेण्डरको पहिलो महिना हो । मोहरम महिना इस्लामिक क्यालेडर अनुसार नयाँ वर्षको पहिलो महिना पनि हो । यो महिनामा नै इस्लाम धर्मका प्रवक्ता हजरत मोहम्मद पैगम्बर (स.)का नाति हजरत हसन र हुसैनले इस्लाम धर्मको संरक्षणका लागि आफ्ना ज्यानका आहुति (बलिदानी)दिएका थिए ।

हजरत हसन र हुसैनले यहुदीहरुबाट धर्म संरक्षणको लडाईमा शहीद भएका कारण उनीहरुकै सम्झनामा मुस्लिम समुदायले मोहरम महिनामा तजिया बनाएर गम अर्थात दुःख मनाउने गर्छन । तर इस्लामिक धर्मगुरुले तजिया नबनाएर पनि उनलाई सम्झिन सक्ने बताउँछन् ।

खेलतमासा वा दाहा नै बनाए हसन हुसेनलाई सम्झनु गलत रहेको इस्लामिक धर्मगुरुहरुको भनाइ छ । उनीहरुले यो महिनामा बढी भन्दा बढी धार्मिक तथा पुण्यको काम गर्न सुझाव दिन्छन् ।

# विज्ञापनविरुद्ध उच्च अदालतमा रिट




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पताल जनपुरधामले करारमा कर्मचारी भर्नाको लागि गरेको विज्ञापन खारेजको माग गर्दै उच्च अदालत जनकपुरमा रिट परेको छ । धीरज कुमार यादवले प्रतिष्ठानसमेत दुई जनालाई विपक्षी बनाई दिएको रिटमा सोमबार अदालतले १५ दिनभित्र विपक्षी र मुख्य न्यायाधिवक्ताको कार्यालयलाई लिखित जवाफ पेश गर्न आदेश दिएको छ ।

साउन १ गते देखि अस्पतालले एक सय ३२ जना कर्मचारीलाई काम नगर्न सूचना जारी गरेको थियो । अस्पतालले त्यही दिन एक सय ३२ जना विभिन्न पदका कर्मचारी माग गरेको थियो । सोही विज्ञापन विरुद्ध हटाइएका कर्मचारीहरु आन्दोलित भएका थिए । हटाइएको कर्मचारीको करार अवधि बढाउनु पर्ने नभए विज्ञापन खारेज गर्नुपर्ने माग गर्दै आएका छन् ।

# 'संसद् जीवित रहनु संविधान अनुसार'

मोरङ । नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले निर्वाचनको घोषणा पश्चात संसद् जीवित रहनु संविधानअनुसार भएको बताउनुभएको छ ।

विराटनगर विमानस्थलमा सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले संसद्लाई अहिले कुनै विजनेश दिनु गलत भएको धारणा राख्नुभयो ।

उहाँले अदालतमा समस्या एवं विकृति धेरै रहेकाले त्यसको पूर्ण सुधार हुनु आवश्यक रहेको बताउनुभएको हो । पोखरेलले मुलुकको विकास र समृद्धिका लागि गठबन्धन आवश्यक नरहेको चर्चा धारणा व्यक्त गर्नुभयो ।रासस

# श्रद्धालुलाई निःशुल्क भोजन

**टुडे समाचारदाता**

गौशाला । टुटेश्वरबाट फर्केका ११ हजारभन्दा बढी बोलबमका श्रद्धालुलाई कावरिया सेवा समितिले निःशुल्क भोजन गराएको छ । साउनको पहिलो सोमबारदेखि चौथो सोमबारसम्म आइपुग्दा ११ हजारभन्दा बढी कावरियालाई निःशुल्क भोज गराएको समितिका अध्यक्ष महेश्वर महतोले बताए ।

उनले महिनाको पहिलो सोमबार टुटेश्वरमै निःशुल्क भोजनको व्यवस्था गरेपनि त्यसयता गौशाला नगरपालिका -२ निगौल चौकमै कावरियाहरुका लागि निःशुल्क भोजनको व्यवस्था गर्दै आएको बताए । समितिले प्रत्येक सोमबार टुटेश्वर महादेवको दर्शन गरेर




फर्कँदै गरेका बोलबम यात्रुहरुलाई गौशाला -२ निगौल चौक स्थित दुर्गा मन्दिरको प्रांगनमा निःशुल्क भोजनको व्यवस्था गर्दै आएको छ । अध्यक्ष महतोले प्रत्येक बर्ष साउनमा बोलबम यात्रुहरुका लागि निःशुल्क भोजनको व्यवस्था गर्दै आएकोमा यस पटकपनि त्यसलाई निरन्तरता दिएको बताए ।

समितिले सरस्वती ज्ञानोदय सेकेन्ड्री इंग्लिस बोर्डिङ्ग स्कुल र समितिका पदाधिकारीहरुको आन्तरिक सहयोगबाट निःशुल्क भोजनको आयोजना गरेको महतोले बताए ।

# चन्द्रनहर भत्किँदा नगरपालिका डुबानमा

**टुडे समाचारदाता**

राजविराज । अविरल वर्षापछि आएको बाढीले सप्तरीको सप्तकोसी नगरपालिका-४ तुलसीचोकस्थित मुलुककै जेठो चन्द्रनहर भत्किएको छ । नगरपालिकाको अमाहा जुटपानी, सत्रापत्र, ट्याङ्गा लगायतका खहरे खोलामा आएको बाढीले चन्द्रनहर भत्काएको -२ का वडाध्यक्ष जाहिर हुसेनले बताए । वडाध्यक्ष हुसेनका अनुसार अविरल वर्षाका कारण खहरे खोलाबाट आएको बाढीले नहर भत्किएको र अधिकांश वडा डुबानमा परेको छ ।

पूर्वमा सप्तकोसी नदी, पश्चिममा चुरे पहाड र उत्तरमा त्रियुगा नदीको मध्यमा रहेको सप्तकोसी नगरपालिकाका विभिन्न वडाका सयौँ घर डुबानमा परी लाखौँ रुपियाँ बराबरको क्षतिभएको नगरपालिकाले जनाएको छ ।

नगरको ११ वटै वडाका घर बाढीका कारण प्रभावित भएको र घर डुबानमा पर्नुका साथै भर्खरै लगाएको सयौँ बिघा धान खेती जलमग्न भएको नगरप्रमुख कृष्णप्रसाद ढकालले जानकारी दिए ।

वर्षाले -१ को वडा कार्यालयमा पानी पसेर कम्प्युटर लगायत कागजपत्र भिजेर क्षति भएको कार्यालयका सहायक राजकुमार रामले बताए । वडा कार्यालय अगाडिको अग्रवाल स्टोरको गोदाममा पानी पस्दा लाखौँ मूल्यको खाद्यान्न सामग्री भिजेर नोक्सान भएको मनोज अग्रवालले बताए ।

रातको समयमा नहर भत्किएर पानी प्रवेश गर्दा सरसमान सुरक्षित गर्न नपाएको स्थानीय रामबहादुर विष्टले बताए । घरमा ६ फिटसम्म पानी जमेका कारण खाद्यान्नलगायत सामग्री बिग्रिएको उनले जानकारी दिए ।

नगर क्षेत्रमा रहेका खहरे खोलामा ओभरफ्लो भई पानी नहरमा खसेको र त्यसपछि नहर नै कटान गरी क्षतिग्रस्त बनाएको गुणराज सापकोटाले जानकारी दिए । खहरे खोलामा आउने बाढी पास गर्न बनाइएका साइफन/कल्भर्ट थुनिएका कारण बाढीले नहरमा क्षति पुर्‍याएको स्थानीयको भनाइ छ । तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले निर्माण गराएको चन्द्र नहर मुलुककै सबैभन्दा पुरानो सिँचाइ प्रणाली हो । नहरको मुख्य बाँधदेखि गङ्गा जलीखोलासम्म निर्माण भएका करिब एक दर्जन साइफन बन्द रहने गरेको छ ।

# चिकित्सा शिक्षामा विद्यार्थीले चाहेको विषय पढ्न पाएनन्

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले चिकित्सा विषयका विद्यार्थीले चाहेको विषय पढ्न नपाउने स्थिति रहेको बताउनुभएको छ ।

चिकित्सा शिक्षा आयोग, मेडिकल काउन्सिल, स्वास्थ्य प्रतिष्ठान पदाधिकारी, विश्वविद्यालय पदाधिकारी र विश्वविद्यालय अनुदान आयोगका पदाधिकारीसँगको आजको छलफलमा मन्त्री पौडेलले भन्नुभयो, "नर्सिङलगायत विषयमा विद्यार्थीले चाहेअनुसार पढ्न नपाएको गुनासो गम्भीर तरिकाले उठेको छ । कानुन संशोधन गरेरै भए पनि विदेश पढ्न जाने विद्यार्थीलाई नेपालमै पढ्ने वातावरण बनाऔँ ।'

मेडिकल शिक्षा एकैदिन दुई 'सिफ्ट'मा पढाउने नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटमा उल्लेख भएको बताउँदै उहाँले सो अनुसार कार्यान्वयन गर्न निर्देशन दिनुभयो ।रासस

# भाडादर नियमित गर्ने संयन्त्र बनाउन निर्देशन

काठमाण्डु । प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले सार्वजनिक यातायातको भाडादरका विषयमा नियमित र भरपर्दोरूपमा अनुगमन गर्ने संयन्त्र बनाउन सरकारलाई निर्देशन दिएको छ ।

समितिको सोमबार बसेको बैठकले सार्वजनिक यातायातले मनोमानीरूपमा भाडा असुल्ने गरिएको भनी आमनागरिकबाट गुनासो आइरहेकाले त्यसको सम्बोधनका लागि संयन्त्र बनाउन र त्यससम्बन्धी जानकारी समितिलाई उपलब्ध गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिएको हो । हाल सरकारले पेट्रोलियम पदार्थको मूल्य समायोजनसँगै वैज्ञानिकरूपमा निर्धारण हुने स्वचालित विधि अपनाएर कार्यान्वयन गरिरहेको छ ।

समितिले नारायणगढ-मुग्लिन र नारायणगढ-पोखरा सडकमा सीमा अतिक्रमण गरी विनास्वीकृति निर्माण गरिएका घर र विद्युत्का खम्बाका कारण पहिरो खस्दा पन्छाउन जटिलता भएको भन्दै ती संरचना हटाउने व्यवस्था मिलाउन पनि मन्त्रालयलाई निर्देश गरेको छ । समितिले निर्माणाधीन नारायणगढ-मुग्लिन र मुग्लिन-पोखरा सडक स्तरोन्नति निर्धारित समय र गुणस्तरमा सम्पन्न गर्न तीव्र गतिमा काम अघि बढाउन मन्त्रालयलाई निर्देशन दिएको छ ।

विकास निर्माणमा दीर्घकालीन समाधानसहित वातावरणमैत्री, प्रविधिमैत्री र गुणस्तरीय निर्माणका लागि विकासको उपयुक्त मोडल अवलम्बन गर्न तत्काल अध्ययन गरी कार्यान्वयनमा ल्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भौतिक पूर्वाधार मन्त्रालयलाई निर्देश गरिएको छ । समितिको आजको बैठकमा भौतिक पूर्वाधारमन्त्री मोहम्मद इश्तियाक राई, सचिव गोपाल सिग्देल, सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापालगायतसँग नारायणगढ मुग्लिन र नारायणगढ-पोखरा सडकका विषयमा छलफल भएको थियो ।रासस

## माईग्रेशन हरायो

घरबाट जनकपुर आउदै गरेको क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेशन मिति २०७९/०४/१५ गते हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको मोबाईल नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : मोनिका महतो**
**ठेगाना : सबैला न. पा -८**
**सिम्बोल नं. : ९०५१६६०४**
**सम्पर्क नं. : ९८२१८८१५७३**

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथुन | : नयाँ कार्य हुने । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# शिवालयमा भक्तजनको भीड



सप्तरीको महादेवा गाउँपालिकास्थित प्रसिद्ध अङ्कुरी महादेवको मन्दिरमा साउनको चौंथो सोमबार ३० किलो तामाको धातुबाट बनाइएको बसाहा स्थापना गर्ने क्रममा कोसी नहरबाट कलशमा जल भरेर मन्दिरतर्फ लैजाँदै स्थानीयवासी। *तस्बिर : रासस*

काठमाण्डु। साउने सोमबारका अवसरमा पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा विगतका तीन सोमबारभन्दा बढी भक्तजनको भीड लागेको छ।

साउनको चौथो सोमबार आज बिहान ३ बजेदेखि नै पशुपतिनाथ मन्दिरका चार ढोका भक्तजनलाई दर्शन गराउन खुला गरिएको पशुपति क्षेत्र विकास कोष संस्कृति संरक्षण महाशाखाका निमित्त प्रमुख गौरीशङ्कर पराजुलीले राससलाई जानकारी दिनुभयो । दर्शनका लागि लाखौँ भक्तजन पशुपति क्षेत्रमा लाममा बसेको उहाँले जानकारी दिनुभयो । भक्तजनका लागि सहजरुपमा लाम लागेर दर्शन गरी फर्कने व्यवस्था मिलाइएको छ।

बिहान ३ बजेदेखि मन्दिर दर्शनका लागि लाममा बसेका भक्तजन बिहानैदेखिको घामका कारण छाता ओढेर लाममा बसेको देखिन्छ। विगतका तीन हप्तामा भन्दा आज सुन्दरीजलबाट शुद्ध जल ल्याई पशुपतिनाथ मन्दिरमा चढाउने बोलबम यात्रीको भीड लागेको छ । बोलबम यात्रीको पशुपति क्षेत्रमा भीड लागेपछि अहिले लाम गुह्येश्वरी मन्दिरसम्म पुगेको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो । बोल बम यात्रीका लागि पशुपतिनाथका चार ढोकामध्ये एउटा ढोका छुट्याइएको छ।

सुन्दरीजलबाट खाली गोडा, पहेँलो एवं हरियो वस्त्र पहिरिएका भक्तजन लाम लागेर आएको दृश्य देखिन्छ । उच्च स्वरमा बोलबम शब्द गुञ्जायमान गराउँदै भक्तजन पशुपतिनाथ मूल मन्दिरतिर आइरहेका छन् । कति भक्तजन भने सवारी साधन प्रयोग गरेर पनि बोलबम यात्रामा सहभागी भएका छन्।

साउन महिना र सोमबार भगवान् शिवको महिना र बारका रुपमा लिइन्छ। साउनको सोमबार पारेर भगवान् शिवको दर्शन गरेमा मनोकामना पूरा हुने विश्वास गरिन्छ। यस अवसरमा विशेष गरी महिला भक्तजनको शिवालयमा भीड लाग्ने गर्छ । साउनको सोमबार महिला व्रत बसी भगवान् शिवको पूजा आराधना गर्ने गर्छन् । साउनको सोमबार व्रत बसी भगवान् शिवको पूजा, आराधना गरेमा विवाहित महिलाले अटल सौभाग्य प्राप्त गर्ने र अविवाहित महिलाले सुयोग्य वर पाउने धार्मिक विश्वास छ। यस अवसरमा आज काठमाडौँ उपत्यकाका अन्य शिवालयमा पनि भक्तजनको भीड लागेको छ।

राजधानीको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिर, पूर्वी भेगस्थित पेप्सीकोलाको नागेश्वर मन्दिर, वसन्तपुरस्थित सानो पशुपतिनाथ मन्दिरलगायत शिवालयमा पनि भक्तजनको भीड लागेको जनाइएको छ। बिहान ४ बजेदेखि नै यी मन्दिरको ढोका खुला गरिएको जनाइएको छ।

यस अवसरमा देशका विभिन्न भागमा रहेका शिवालयमा पनि भक्तजनको भीड लाग्ने गर्छ। वैदिक सनातन हिन्दू धर्मावलम्बीले वर्षमा एकपटक साउन महिनामा घरघरमा रुद्राभिषेक पनि गर्ने गर्छन् । यस वर्ष सौरमासअनुसारको साउन महिनामा पाँच सोमबार परेको छ।रासस

# सरकारी मूल्याङ्कनमा कति छ दरबारमार्ग र न्यूरोडको जग्गाको भाउ ?



काठमाण्डु । चक्रपथभित्र खाली जग्गा पाउन मुस्किल छ। बढ्दो शहरीकरणका कारण खाली जग्गा समेत क्रमशः भरिँदै गएको छ। मुख्य सहरको रुपमा चित्रित नयाँ सडक, दरबारमार्ग, बानेश्वरलगायतका स्थानमा जग्गा भेटिनै मुस्किल छ। उता मालपोत कार्यालयले भने ती स्थानको पनि जग्गाको न्यूनतम मूल्याङ्कन गर्ने गरेका छन्। भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारले चालु आवका लागि मुख्य सहरी क्षेत्र भित्रका जग्गाको न्यूनतम मूल्याङ्कनको विवरण सार्वजनिक गरेको छ।

डिल्लीबजार मालपोत कार्यालयकै क्षेत्रभित्र पर्ने दरबारमार्ग, नयाँ सडक बानेश्वरलगायतका क्षेत्रको जग्गाको सरकारी मूल्याङ्कन के कति होला भन्ने आम मानिसमा चासो रहन सक्छ । त्यसमाथि काठमाडौँ उपत्यकाभित्रको सबैभन्दा महँगो मानिएको क्षेत्र कहाँ होला भन्ने जिज्ञासा पनि स्वभाविक रुपमा नै रहन सक्छ।

काठमाण्डु उपत्यकाभित्र नौ वटा मालपोत कार्यालय छन् । तीमध्ये छ वटा मालपोत कार्यालय त काठमाडौँ जिल्लामा नै छन् । तीमध्ये सहरी क्षेत्रभित्र कार्यक्षेत्र रहेको मालपोतमा डिल्लीबजार मालपोत कायालय पर्छ । नयाँ आर्थिक वर्ष सुरु हुने वित्तिकै हरेक मालपोत कार्यालयले आआफ्नो कार्यक्षेत्रभित्रका जग्गाको न्यूनतम मूल्याङ्कनसम्बन्धी विवरण सार्वजनिक गर्छन् । मालपोत ऐन, २०३४ अनुसार डिल्लीबजारको कार्यक्षेत्रमा रजिष्ट्रेशन हुने लिखतमा थैली अङ्क कायम गर्ने प्रयोजनका लागि जग्गाको न्यूनतम मूल्याङ्कन समितिले न्यूनतम मूल्याङ्कन गरेको हो । सरकारी निकायबाट भएको मूल्याङ्कनभन्दा बजारमा कारोबार भने दशौँ गुणा बढीमा हुने गरेको छ।


सहरी क्षेत्रभित्र सबैभन्दा महँगो जग्गा भने नयाँ सडक, ठमेल, दरबारमार्ग, रत्नपार्क, पुरानो बसपार्क, जमललगायतका क्षेत्रको जग्गा रहेको छ । मालपोत कार्यालयले तय गरेको मूल्याङ्कनअनुसार हनुमानढोका पूर्व नयाँ सडक, पुरानो नगरपालिका भवनको दक्षिणचोकबाट जुद्धशम्सेर सालिक हुँदै इन्द्रचोकसम्म नयाँ सडक पिपलबोटदेखि दक्षिण आरबी कम्प्लेक्स चोक हुँदै पीश्चम पुरानो नगरपालिका भवन चोकसम्म, नयाँ सडक खिचापोखरी, धरहरासम्मको मूल सडकमा जोडिएका जग्गाको प्रतिआना मूल्यांकन मात्रै रु ६६ लाख बराबर तोकिएको छ।

केशरमहल प्रवेशद्धारदेखि पश्चिम ठमेल मूलचोक हुँदै क्षेत्रपाटी चोकसम्मको मूलबाटोमा जोडिएका जग्गा, हनुमानढोका जिल्ला प्रहरी कार्यालय पूर्व सुरज आर्केड, इन्द्रचोक, असन हुँदै भोटाहिटी चोकसम्म, असन चोकदेखि जमल, राष्ट्रिय नाचघरसम्म र सोदेखि पूर्व विश्वज्योति हल हुँदै तीनधारा पाठशालासम्म मूलबाटो जोडिएका महेन्द्र सालिकदेखिकाठमाडौँप्लाजासम्म मूलसडकको दायाँबायाँ क्षेत्रका जग्गाको सरकारी मूल्याङ्कन पनि प्रतिआना रु ६६ लाख बराबर नै तोकिएको छ।

माइतीघर- सिंहदरबार पीश्चम गेट- पुतलीसडक कृष्ण पाउरोटी हात्तिसार, जयनेपाल कान्तिपथ, जमल दरबारमार्ग र घण्टाभरदेखि कमलादीमोड सम्मका मूलसडकसँग जोडिएका जग्गाको दायाँबायाँको पनि प्रतिआना रु ६६ लाख रहने गरी प्रस्तावित गरिएको छ । जमल रानीपोखरी, वीर अस्पताल, नेपाल वायु सेवा निगम गोश्वारा हुलाक त्रिपुरेश्वरसम्मको मूल सडकसँग जोडिएका जग्गाको दायाँबायाँको पनि प्रतिआना रु ६६ लाख नै न्यूनतम मूल्याङ्कन तोकिएको छ।

रत्नपार्क पुरानो बसपार्क शहीदगेट हुँदै सुनधारा चोकसम्म, सिंहदरबार पीश्चमगेट हुँदै भद्रकालीसम्मका मूलबाटोमा जोडिएका जग्गाको दायाँबायाँ पनि प्रतिआना रु ६६ लाख नै न्युनतम मूल्यांकन हुने गरी निर्धारण गरिएको छ । चःमती जग्गा एकीकरण आयोजनाको मूल सडकसँग जोडिएका जग्गाको न्यूनतम मूल्याङ्कन प्रतिआना रु २८ लाख ६० हजार, नयाँ बजार नगरविकास आयोजनाका जग्गाको प्रतिआना रु २६ लाख ४० हजार बराबर तोकिएको छ।रासस

# चितवनमा दुई अर्ब लगानीमा क्यान्सर अस्पताल




चितवन । चितवन मेडिकल कलेजले रु दुई अर्ब लगानीमा क्यान्सर अस्पताल निर्माण गरेको छ । आगामी दसैँअघि नै सञ्चालनमा ल्याउने गरी सिएमसी क्यान्सर इन्स्टिच्युट तयार गरिइएको हो। अग्रणी सो मेडिकल कलेजले आफ्नो भगिनी संस्थाको रुपमा क्यान्सर अस्पताल सुरु गर्न लागेको हो। दसैं अघि नै रेडिएसनको सेवा दिने गरी तीव्ररुपमा काम भइरहेको छ। अस्पतालका निर्देशक डा दयाराम लम्सालले इन्स्टिच्युटमा अत्याधुनिक प्रविधिका उपकरण जडान गरिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "नेपालका क्यान्सरका बिरामी अब विदेश जानु पर्दैन ।" भारतको दिल्लीका ठूला अस्पतालमा जडान गरिएकाभन्दा आधुनिक उपकरण यहाँ जडान भएको उहाँको भनाई छ । अस्पतालले अत्याधुनिक उपकरण खरिदमा मात्रै रु एक अर्ब २७ करोड खर्च गरेको उहाँले दाबी गर्नुभयो।

अन्य उपकरण र भौतिक पूर्वाधारमा गरी रु दुई अर्बभन्दा बढी खर्च लाग्ने उहाँको भनाइ छ। क्यान्सर सँगसँगै अन्य उपचारका लागि सँगै मेडिकल कलेज भएकाले केही खर्च कटौती भएको जनाइएको छ । यस इन्स्टिच्युटमा रेडिएसनसँगै ब्राकी थेरापी, स्पेक्ट सिटी स्क्यान, बोनम्यारो प्रत्यारोपण, रक्त क्यान्सरको उपचार, बाल क्यान्सरको उपचारसहित सबै खालका क्यान्सरको उपचार र प्रत्यारोपण हुने निर्देशक डा लम्सालको भनाइ छ।

भारत, अमेरिकाजस्ता देशमा अध्ययन गरेर ठूला अस्पतालमा काम गरिरहेका मेडिकल अङ्कोलोजी, रक्त क्यान्सर, सर्जरीलगायतका समूह यहाँ ल्याईदै छ । उहाँले भन्नुभयो, "हामीले विश्वका ठूला अस्पतालमा कामको अनुभव लिएका चिकित्सकसँग सम्झौता गरिरहेका छौँ ।" गुणस्तरमा कमी हुन नदिने गरी एक सय शय्याको आधुनिक अस्पताल निर्माण गरिएको हो । निर्देशक डा लम्सालले थप्नुभयो, "क्यान्सरका बिरामीलाई लामो समय पालो कुर्नु पर्ने र विदेश जानुपर्ने बाध्यता अन्त्य होस् भनेर अस्पताल सुरु गरेका हौँ।" उहाँले अगाडि थप्नुभयो, "धेरै बिरामी भारतको दिल्ली जान्छन्, त्यहाँको ठूलो अस्पताल राजीवगान्धीको भन्दा एक स्तर उच्च उपकरण हामीले यही ल्याएका छौँ।"

क्यान्सरका बिरामी उपचारका लागि भारतलगायतका अन्य देश जाने गर्दछन् । अत्याधुनिक उपकरण रेडिएसनका लागि जडान गरिएको छ । उहाँको भनाइमा यो उपकरणले दैनिक एक सय जनासम्मलाई रेडिएसन गर्न सक्दछ । रेडिएसन लिन्याक एक्सिलेरेटर जडान गरिएको छ।

ट्रियुबिममोडलको भेरिएन कम्पनीको लिन्याक उपकरण आधुनिक प्रविधिको हो । चितवन मेडिकल कलेजसँगै छ तले ४८ हजार स्क्वायर फिटको भवनमा बङ्करसहितको क्यान्सर अस्पताल निर्माण गरिएको छ । इन्स्टिच्यूटमा रेडिएसन सञ्चालनका लागि अन्तिम तयारीमा रहनु भएका रेडिएसन अङ्कोलोजिष्ट डा सुवास ठाकुरले रेडिएसन उपकरणभित्र ६डि काउज र हाइपर आर्च रहेको जनाउँदै यसले टाउकोभित्रको ट्युमरलाई शल्यक्रिया बिना नष्ट गर्ने बताउनुभयो। यो रेडियो सर्जरी रेडिएसन प्रविधिबाट नेपालमा पहिलो पटक उपचार गर्न लागिएको उहाँले जानकारी दिनुभयो।

त्यसैगरी ब्रेकी थेरापीमार्फत शरीरभित्र उपकरण राखेर रेडियो एक्टिभ सोर्स प्रयोग गरेर क्यान्सर कोष मार्ने प्रविधि पनि यहाँ ल्याइँदै छ । पाठेघरको क्यान्सरमा यो प्रविधिको उपचार बढी हुने गर्दछ। एसबिआरटी प्रविधिमार्फत उपचार भइरहेको बिरामीको ट्युमर प्रत्यक्ष हेरेर आवश्यक थप मात्रा प्रयोग गरी उपचार गर्न सकिने उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "मैले भारतका ठूला अस्पतालमा पनि काम गरेँ। त्यहाँको भन्दा अरु आधुनिक प्रविधि यहाँ ल्याइएको छ।" इन्स्टिच्युटले क्यान्सर उपचारका क्रममा विकिरण बाहिर आएर नागरिक र कर्मचारीलाई असर नगरोस् भन्नका लागि निर्माणको समयदेखि नै भारतीय विज्ञको निगरानीमा काम भइरहेको छ।

सुरक्षा अधिकृत सलोनी चावलाले बाहिरी वातावरणमा रेडिएसन नजानका लागि निर्माणको समयदेखि नै निगरानी गरिएको बताउनुभयो । उहाँको अनुसार अन्तर्राष्ट्रिय मापदण्डअनुसार बङ्कर निर्माण गरिएको छ । यससँगै सफल परीक्षणसमेत गरिएको जनाउँदै उहाँले विकिरण काममा खटिनेमा के कस्तो रहेको छ भन्ने विषयमा नियमित परीक्षण भइरहेको जानकारी दिनुभयो।

भारतसहितका विभिन्न देशका विज्ञहरूसँग परामर्श र त्यहाँका जनशक्ति झिकाएर इन्स्टिच्युटको निर्माणदेखि नै काम गरिएको हो। १४ वर्षअघि स्थापना भएको चितवन मेडिकल कलेजमा हाल वार्षिक तीन लाख ५० हजारभन्दा बढी बिरामीलाई सेवा दिँदै आएको छ । नेपालभरि र भारतीय बिरामी पनि यहाँ उपचार गर्न आउने गर्दछन्। यस अस्पतालमा २८ विभागमार्फत सेवा दिइँदै आएको छ।

क्यान्सरका बिरामीलाई अन्य विभागको सेवासमेत आवश्यक पर्ने भएकाले उपचार सहज हुने अस्पतालको ठम्याइ छ। नेपालमा भरतपुरको वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, पूर्वाञ्चल क्यान्सर अस्पताल र काठमाडौँ क्यान्सर सेन्टरमा मात्रै क्यान्सरको उपचार हुने चिकित्सक बताउँछन्। यहाँ सेवा लिन कठिन भएका बिरामीका लागि यो इन्स्टिच्युट सहयोगी हुने विश्वास लिइएको छ । सरकारले क्यान्सरका बिरामीलाई उपचारमा रु एक लाखसम्म सहयोग गर्दै आएको छ। विदेश जाने जाने बिरामीले यो सुविधा पाउँदैनन्।रासस

# मदन पुरस्कारका लागि आठ कृति छनोट

काठमाण्डु । मदन पुरस्कार गुठीले यस वर्षको मदन पुरस्कारका लागि आठ कृति छनोट गरेको छ। विभिन्न स्रष्टाका २९९ पुस्तकबाट ती कृति छनोट गरिएको हो।

साहित्यकार डा नवराज लम्सालको 'अग्नि', दामोदर पुडासैनीको 'नीलो बतास', वसन्त बस्नेतको 'महाभारा', दीपा मेवाहाङ राईको 'यादको सन्दुक', डा नयनाथ पौडेलको 'लिच्छिवी लिपि', प्रा निलमणि ढुङ्गानाको 'संस्कृत-नेपाली शव्दकोश', सुजित मैनालीको 'सती' र पद्मसुन्दर जोशीको 'हिति प्रणाली' छानिएको गुठीले जनाएको छ । यी मध्ये एक कृतिलाई उत्कृष्ट छनोट गरी पुरस्कार प्रदान गरिने छ।रासस

# स्वयम्भू महाचैत्यको परिक्रमा

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ सोमबार गुँला पर्वमा सहभागी भइ स्वयम्भू महाचैत्य परिक्रमा गर्नुभएको छ।

एक महिना मनाइने मनाइने यो पर्वको अवसरमा विभिन्न परम्परागत बाजागाजाकासाथस्वयम्भूमहाचैत्यको परिक्रमा गरिन्छ । यसैक्रममा आज बिहान मन्त्री श्रेष्ठ स्वयम्भू भगवान्को दर्शन गरी स्वयम्भू महाचैत्यको परिक्रमा गर्नुभएको हो।

यो पर्व बुद्ध धर्मावलम्बी नेवार समुदायको मात्र नभएर सम्पूर्ण नेपालीको ऐतिहासिक पर्व रहेको मन्त्री श्रेष्ठले बताउनुभयो । काठमाडौँको बौद्ध परम्परामा यसको विशेष महत्व रहेको उहाँको भनाइ छ। 'गुँला' महिना भर धाः घिमेः नगरा, नाय्खिं, दमखिं, दबदब, भृदङ्गा, पौपिचा र क्वचा(खिं) जस्ता बाजा बजाई पूजापाठ गर्ने प्रचलन छ।

यस पर्वमा अघिअघि बाजा र सङ्गीत, पछिपछि भक्तजन रहने गर्दछन् । यस पर्वले विभिन्न बाजालगायत संस्कृतिको संरक्षणमा टेवा पुऱ्याएको चर्चा गर्नुहुँदै मन्त्री श्रेष्ठले यसको जीवन्तताको लागि सबै पक्षको सहयोग आवश्यक रहेको बताउनुभयो।रासस

# नारायणगढ-मुग्लिन सडकखण्ड अवरुद्ध

चितवन। नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत केराबारीमा पहिरो खस्दा सडक अवरुद्ध भएको छ। जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार भरतपुर महानगरपालिका-२९ केराबारीस्थित मौरी खोलामा लेदोसहितको पहिरो खस्दा सडक अवरुद्ध भएको हो।

सोमबार साँझ ५ बजे पहिरो खसी सडक अवरुद्ध भएको हो। पहिरोका कारण नारायणगढ-मुग्लिन सडकखण्ड भएर चल्ने सवारीसाधन रोकिएका छन्।रासस

# उद्योगमन्त्री नियुक्तिको अन्तिम निर्णय गर्ने जिम्मा दलका नेतालाई

कर्णाली। नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा दलले प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री नियुक्तिका लागि अन्तिम निर्णय गर्ने जिम्मा दलको नेतालाई दिएको छ। माओवादी केन्द्र प्रदेशसभा दलको सोमबार बसेको बैठकले उद्योगमन्त्री नियुक्तिको अन्तिम निर्णय दिने अधिकार दलका नेता तथा निवर्तमान मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई दिने निर्णय भएको प्रमुख सचेतक कृष्णा शाहले जानकारी दिनुभयो । उहाँका अनुसार सत्ता गठबन्धन दलभित्र उद्योग, पर्यटन मन्त्रालय माओवादीको भागमा परेकाले उसैले मन्त्री नियुक्तिका लागि नाम सिफारिस गरेर पठाउनेछ।

माओवादी केन्द्रबाट विसं २०७८ माघ २३ गते कर्णाली प्रदेश सरकारको उद्योगमन्त्रीमा नियुक्त हुनुभएका गैरसांसद छिरिङ डम्डुल लामा (कार्चेन) लामाको छ महिनाको कार्यकाल आज सकिएको छ', प्रमुख सचेतक शाहले भन्नुभयो, "उद्योगमन्त्रीको पद रिक्त भएपछि माओवादीले कसलाई मन्त्री बनाउने भन्ने छलफलका लागि सोमबार दलको बैठक बसेको थियो।'

प्रमुख सचेतक शाहका अनुसार कसलाई मन्त्री बनाउने भन्ने विषयमा छलफल अगाडि बढेको छ। उहाँले देखाएको सङ्केतअनुसार डोल्पा 'ख' क्षेत्रबाट प्रदेशसभा सदस्यमा निर्वाचित वीरबहादुर शाहीलाई उद्योगमन्त्री बनाउने कोणबाट माओवादी केन्द्रले छलफल गरिरहेको छ।

आज बसेको दलको बैठकमा विधेयकका विषयमा दलले धारणा बनाउने, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय, सिञ्जा सभ्यता संरक्षण तथा विकास र कर्णाली नवप्रवर्तन विधेयक अगाडि बढाउने, संशोधन हाल्ने विषयमा पनि छलफल भएको भन्दै त्यसमा माओवादी केन्द्रका साथै गठबन्धन दलभित्र साझा धारणा बनाएर जाने विषयमा पनि छलफल भएको उहाँले बताउनुभयो।रासस

सुर्य तारा
डाईबिटिज थाईराईड एन्ड इन्डोक्राईन सेन्टर

डा. राजेश किशोर यादव
पल्मोनोलोजीस्ट

एम.बि.बि.एस.
एम.डी.- पल्मोनोलोजी
(BSMMU, DHAKA)



२०७९ साउन २८ गते शनिवार आउँदै हुनुहुन्छ

काठमाडौँको मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुर र नेपाल कोरिया अस्पताल को छाती, फोक्सो तथा दमरोग बिशेसज्ञ डा.राजेश किशोर यादव को ओ.पि.डी सेवा जनकपुरमा पनि प्रत्यक महिनाको आन्तिम शनिबार उपलब्ध छ ।

नाम र दर्ता को लागि
सम्पर्क : ९८१७६६०११९ /९८४४४२६७७२
स्थान : सुर्य तारा डाईबिटिज थाईराईड एन्ड इन्डोक्राईन सेन्टर प्र. लि. जनकपुरधाम, अस्पताल रोड



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# विकृतिको अन्त होस

राजनीतिक, आर्थिक र सामाजिक तरलतावाट गुज्रि रहेको वर्तमान समयमा स्थिरताको आवश्यकता छ। अहिले मुलुक राजनीतिक, आर्थिक र सामाजिक तवरले कमजोर हुँदै गएको छ। मुलुक राजनीतिक अस्थिरता, आर्थिक संकट र सामाजिक विकृतिले लथालिङ्ग बनेको छ। सामाज कता जादै छ त्यस तिर केन्द्रित हुनु जरुरी देखिन्छ। काम गर्नेहरु वैदेशिक रोजगारीमा, पढने लेख्ने समयमा लागू पदार्थको दुर्व्यसनमा फस्दै गएको छ। मानसिक रुपले व्यग्र हुँदै गएका यहाँका युवा तथा पुरुषहरुमा खासगरी सैयम्ताको जरुरी देखिन्छ। सामाजिक रुपमा पनि खास गरी युवापीढिमा धैर्यता, सहनशिलता र मार्गचित्रणको आवश्यकता छ। मानसिक रुपले रोगी वन्दै गएका युवाहरुलाई सामाजिक ज्ञानको अभावले समेत यस्ता विकृतिहरुको मलजल गरेको छ। बुढापाखावाट टाढा बस्नु र आफूनै बढी बुझ्ने मानसिकता बोकेका आजका युवाहरुको मानसिकताले उनीहरु सामाजिक ज्ञान भन्दा टाढा भागि रहेका छन् तर, उनीहरुलाई सम्हालने भने मौन छ। सयमता छैन् र झस्किने प्रवृति हावी हुँदै गएको छ जसका कारण उनीहरु दिनहुँ जसो कुनै न कुनै अपराधको शिकार बन्दै गएको छ। महोत्तरीमा भर्खरै भएको एक घटनाले यसलाई समेत पुष्टि गरेको छ। आफ्नै सासु र श्रीमतीलाई आगो लगाएर हत्या गरेको घटनाले समाजलाई झस्काएको छ। सामाजिक अज्ञानताले यस्ता यस्ता घटना प्रश्रय लिएको हुन्छ। अहिलेका युवाहरु प्रति सरकार पनि चनाखो हुनु पर्ने जरुरी देखिन्छ। पश्चिमी सभ्यता जुन प्रकारले हावी हुँदै गएको छ त्यसले यहाँका युवाहरुको संस्कार, सभ्यता र संस्कृति समेत गुम्ने खतरा बढेको छ। सरकारले चनाखो भई समय समयमा युवाहरुको मानसिक सन्तुलनको जानकारी राख्नु जरुरी छ। सरकारले मानसिक सन्तुलन चेकजाँच गरी अपराधिक गतिविधिलाई नियन्त्रण गर्न सक्छ। तर, सरकारले पनि यस्ता कार्यमा हेलचक्रयाई गरेको छ। एक जनालाई कम्तीमा बर्षमा एक पटक मानसिक सन्तुलन चेकजाँच हुनुपर्ने ठाउँमा बर्षौ भई सक्दा पनि एक पटक पनि यस्ता चेक जाँच गरिएको हुँदैन्। मानसिक सन्तुलन कायम राख्नकालागि समय समयमा चिकित्सकको सल्लाह सुझाव लिनुपर्ने पनि आवश्यक हुन्छ। यस्ता क्रियाकलापले समेत समाजमा बढ्दै गएको विकृति अन्त गर्न सकिन्छ। सामाजमा हुने गरेको विकृतिलाई सामाजिक स्तरवाट पनि न्यूनीकरण गर्न सकिन्छ। यस कामकोलागि समाजलाई पनि अग्रसरता देखाउनु पर्छ।

# सिद्ध साहित्य : इतिहासको अल्पज्ञात सूत्र



रोशन जनकपुरी

मैथिलीमा एउटा कूटोक्ति प्रसिद्ध छ : 'ओनामासीधङ्ग, गुरुजी चितङ्ग'। यो कूटोक्ति प्रायः बढी तर्क गर्ने छात्र वा व्यक्तिलाई लिएर गर्ने गरिन्छ। यसमध्येको 'ओनामासीधङ्ग'मा मैथिलीभाषी क्षेत्रको मध्यकालीन इतिहासको एउटा महत्वपूर्ण सूत्र लुकेको छ। वस्तुतः यो मध्यकालका सिद्धसन्तहरुको स्तुतिमा रचिएको मन्त्र हो : 'ओम् नमः सिद्धं'।

नेपालको तराई, काठमाँडौ उपत्यका लगायत समस्त उत्तरभारतको जनजीवनलाई आफ्नो दर्शन र भावबाट प्रभावित गर्ने सिद्धसन्तहरुको काल ईसाको आठौं शताब्दीदेखी दशौं शताब्दी (अधिकतम् ईसाको एघारौं शताब्दीको पहिलो दशक) हो। सिद्धसन्तहरु महायानी बौद्धमतको बज्रयान सम्प्रदायभित्र सहजयानीहरु थिए। उल्लेखनीय छ, बज्रयानको प्रभाव काठमाँडौ उपत्यकामा अझै कायम छ। काठमाँडौको बज्रबाराही मन्दिर तथा बज्राचार्यहरु यसका उदाहरण हुन्। थप उल्लेखनीय के छ भने अन्य क्षेत्रमा सिद्धसन्तहरुको परम्परा दशौं एघारौं शताब्दीमै सकिएपनि काठमाँडौ उपत्यकामा सिद्धसन्तहरुको परम्परा सत्रौं शताब्दीसम्म पाइन्छ। जे होस, नेपालको तराई क्षेत्र र उत्तर भारतमा सिद्धसन्तहरुको परम्परा दशौं शताब्दीमा सकिएको हो र यसपछि गोरखनाथ र मछिन्द्रनाथको अगुआईमा नाथ परम्पराले प्रभाव बढाउँदै लगेको हो। उल्लेखनीय छ चौधौं शताब्दीको मैथिली साहित्यकार ज्योतिरिश्वर सिद्धसन्तहरुको नामावलीमा गोरखपा(गोरक्षनाथ) र मछिन्द्रपा (मत्स्येन्द्र नाथ)को नामपनि उल्लेख गरेका छन्।

नेपाल, भारत, चीन लगायत दक्षिण एसिया तथा दक्षिणपूर्वी एसियामा लोकजीवन र राज्यमा समेत बौद्धधर्मको ऐतिहासिक प्रभाव विदित इतिहास हो। ईसाको चौथौं पाँचौं शताब्दीपछि बैष्णवहरुले आफ्नो प्रभाव बढाउँदै लगे। आठौं शताब्दीको अन्ततिर जन्मेका तथा नवौं शताब्दीको प्रारम्भिक दशकमा प्रसिद्धभएका आदि शंकराचार्यको मत तथा शिवसैनिकहरुको जबर्दस्त प्रभाव र प्रहारको कारण बौद्धमत खुम्चिँदै गयो र शैव र ब्रह्म श्रेष्ठताको शांकरमत प्रसारित भयो। राज्यसत्तामा प्रभावी वैष्णवी र शैवमतको प्रभावले क्रमशः लोकजीवनलाई पनि प्रभावित गर्दैगयो। यसै धार्मिक उत्थान र पतनमा बौद्ध सिद्धसन्तहरु ईतिहासमा समाउँदै गए। यद्यपि उनका व्यावहारिक दर्शन र प्रभाव लोकजीवनमा लामो समयसम्म कायम रह्यो। सिद्ध परम्पराका कयौं देव-देवीहरुको हिन्दुकरण भयो। कयौं सिद्ध महामुद्राहरु लोक जनजीवनमा वनदेवीको रुपमा पूजित भइन्। सिद्ध परम्पराको पराभवपछि शैव र वैष्णवी आचार्यहरु तथा पण्डितहरुले सिद्धमतलाई होच्याउँदै उनिहरुका वचन, दोहा तथा सूत्रहरुलाई लिएर अनेक व्यङ्गोक्ति, कुटोक्ति तथा अफवाहहरु फैलाएका थिए। यसको कारण के थियो भने सिद्धसन्तहरुको मत देह र लोकजीवनको व्यवहारमा आधारित थियो। यी विचारहरुलोकजीवन निकट र वैदिक र ब्रह्मवादी विचारका प्रतिपक्षी विचार थिए। यी विचारहरुको खण्डन नगरी वा यसको बारेमा समाजमा गलत धारणा विकसित नगराएसम्म वैदिक र भागवतमतलाई स्थापित गर्न सकिँदैनथ्यो। 'ओनमासीधङ्ग, गुरुजी चितङ्ग' यस्तै कूटोक्ति हो। मैथिलीमा एउटा शब्द छ : 'भुसकौल'। यस्को अर्थ हुन्छ केही न जानेको, जति गरेपनि सिक्न न सक्ने, पट्टमुर्ख। सिद्धसन्तहरुमा एउटा प्रसिद्ध सन्त छन् – भुसुक। भुसकौल यिनै भुसुकलाई मजाक बनाउन रचिएको शब्द हो।

सिद्धसन्तहरु अनिश्वरवादी थिएनन्। बौद्धमतभित्रको महायानी दर्शन अनुकूल उनिहरुपनि रहस्यवादी(अज्ञेय) नै थिए। तरपनि शैव र वैष्णवीहरु क्षुब्ध हुनुको कारण सिद्धसन्तहरुको वैदिक धारणाभन्दा भिन्न लोकजीवनको भौतिकता तथा व्यवहारमा आधारित विचार तथा लोककविताहरु थियो। दार्शनिकरुपमा सिद्धसन्तहरु देहवादी थिए। उनिहरु परमानन्द अर्थात् सुखको चरमोत्कर्षको आधार देहलाई मान्ने गर्थे। स्त्री र पुरुषको सहवासको चरमोत्कर्षमा प्राप्त हुने आनन्दलाईलाई उनिहरु महासुख भन्ने गर्थे।

**सिद्ध परम्परामा सबैभन्दा प्रारम्भिक मानिने सिद्धसन्त सहरपाद (७५० ई) को एउटा रचनामा यस्तो भनिएको छ :**

**"एत्थु से सुरसरि जमुना, एत्थ से गंगा साअरु।**
**एत्थु पआग बणारसि, एत्थु से चन्द्र दिवाअरु॥**
**खेत्तु पीठ उपपीठ, एत्थु मइं भमइ परिठ्ठओ।**
**देहासरिसअ तित्थ, मइ सुह अण्ण ण दिठ्ठओ॥"**
**बौद्ध ओ दोहा गान, हरप्रसाद शास्त्री /श्रोत (राहुल निबन्धावली, राहुल सांकृत्यायन)**

**छाया अनुवाद (मैथिलीमा) :**

**एहि स सुरसरि जमुना, अही स गंगा सागर।**
**एहे प्रयाग बनारस, एहि स चन्द्र दिवाकर॥**
**क्षेत्र पीठ उपपीठ, एहिमे भरमय परिस्थिति।**
**देह सदृश तीर्थ, नइँ हम आने देखल॥**

**नेपाली अनुवाद :**

**येसबाट सुरसरि जमुना, येसैबाट गंगासागर।**
**यो नै प्रयाग बनारस, येसबाट चन्द्र दिवाकर॥**
**क्षेत्र पीठ उपपीठ, येसैमा डुल्दछ परिस्थिति।**
**देहजस्तो तीर्थ, मैले कतै अन्य देखिन॥**

**अझ सरहपाका शिष्य भुसुक (शान्तिदेव)का कविताहरुमा कयौं त विद्यापतिकालीन (१४औं शताब्दी) मैथिलीसंग सामीप्य रहेको देखिन्छ। उनको एउटा गीतका केही पंक्ति हेरौं :**

**"विरमानन्द विलक्षण सूध। जो एथु बूझइ सो इथु बुध॥**
**भुसुक भनइ मह बुझिआ भेलैं। सहजानन्द महासुख लेलैं॥**
**(बौद्ध ओ दोहा गान, हरप्रसाद शास्त्री /श्रोत (राहुल निबन्धावली, राहुल सांकृत्यायन)**

**छाया अनुवाद :**

**विरमानन्द विलक्षण शुद्ध। जस्ले यो बुझ्छ त्यो यहाँ बुद्ध॥**
**भुसुक भन्छ म बुझ्ने भएँ। सहजानन्द महासुख पाएँ (लिए)॥**

विद्यापति तथा उनका समकालीन कयौं कविहरुको कवितामा महासुख शब्दको प्रयोग भएको छ। मैथिलीका महाकवि विद्यापतिले रागात्मकता संस्कृत भाषाका जयदेवसंग पैंचो लिएपनि शील्पको चामत्कारिकता र लोकभाषी कोमलता सान्ध्य भाषा (द्वीअर्थी)का धुरन्धर सिद्ध कविहरुबाट नै लिएको देखिन्छ।

**सिद्धसन्तहरु निर्वाण वा मोक्षको अवस्थामा अनुभूत हुने वा कुनै अध्यात्मवादीको शब्दावलीमा 'परमेश्वरमा विलीन हुादाको सुख' को तुलना 'महासुख' संग गर्थे। यस्तै उनिहरु जातपात तथा कर्मकाण्ड विरोधी थिए। सरहपाकै दुईपंक्ति हेरौं:**

**"बम्हणहि म जाणन्त हि भेउ। एंबइ पढिअउ ए चउबेउ॥**
**मट्टि-पाणि कुस लई पढन्त। घरहीं बइसी अग्गि हुणन्त॥**
**कज्जे विरहइ हुअबह होमैं। अक्खि डहाबिअ कडुएँ धुएँ॥**
**(ब्राह्मणले जान्दैन भेद। त्यसै पढछ यो चारवटै वेद॥**
**माटो पानी कुश लिएर पढछ। घरमै बसेर अग्नि होम गर्छ॥**
**काम बिना नै होता होम गर्छ। आँखा डढाउँछ पीरो धुवाँले॥)**

'यसै कारण सिद्धसन्तहरु कर्मकाण्डी पण्डित, आचार्य तथा कर्मकाण्ड समर्थकहरुको कटु आलोचना तथा प्रहारका निशाना बनेका थिए।

सिद्धसन्तहरुको काल त्यही काल थियो, जतिबेला शंकराचार्यका अनुयायी शिवसैनिकहरुको भयको कारण कयौं बौद्ध शासकहरु शैव र वैष्णवीमा परिणत भएका थिए भने कयौं बौद्धमठहरु तथा बौद्धमुर्तिहरु शिवालय तथा शिवमा परिणत भए।

सिद्धसन्तहरुलाई महासुख प्राप्तिको निम्ती एकान्तस्थल र एउटा महामुद्रा (योगक्रियाको निम्ती स्त्रीपात्र)को आवश्यकता पर्थ्यो। यो कथित माथिल्लो जातबाट पाउन कठिन थियो। त्यसैले उनिहरुले महामुद्राको रुपमा कथित तल्लोजात डुमिनी, चमार्नी, दुसाधिनी आदिबाट छान्ने गर्थे। सिद्धसन्तहरुको महामुद्रा भएपछि समाजमा यी महामुद्राहरुको हैसियत र प्रभावसमेत बढथ्यो। यिनीहरुप्रति आदर र भय दुबै समाजमा पाइन्थ्यो। बौद्धमतको पराभवपछिपनि यी महामुद्राहरु डोमिन माई, चमिनिया माई, आदि वनदेवीको रुपमा अन्धविश्वासी लोकसमुदायमा पुजित रहिन। पछि यस परम्परालाई गोरखिया धामी धमिआइन तथा अघोरी र कौलिक पन्थ (शैव हठयोगी तान्त्रिकहरुका शाखाहरु)मा भैरवी, धमिआइन, जोगिनहरुले निरन्तरता दिए। शुरुमा महामुद्राको प्रयोगमा सामान्य अनुशासन देखिएपनि पछि दार्शनिकता समाप्त हुँदैगएपछि यो अराजक हुँदै कतै कतै अनाचारको रुपमा समेत देखियो। सहजयानलाई बदनाम गर्नमा शैव र वैष्णवीपक्षधरहरुको निम्ती यो अराजकता तथा अनाचारको स्थिति सहयोगी नै भयो।

सिद्धसन्तहरुको भाषा अपभ्रंश थियो। विद्वानहरुको मतमा आधनिक नव आर्यभाषाहरुको बीज सिद्धसन्तहरुको रचनामा पाइन्छ। उदाहरणको निम्ती सरहपादका रचनाहरुमा प्राचीन मैथिली भाषाका बीज पाइन्छ। माथी उल्लेखित सरहपा र भुसुकका रचनाहरु यस्का उदाहरण हुन्।

सत्ताको उत्थान र पतनले सामाजिक जीवनका चेतना, दार्शनिक तथा जीवन व्यवहारलाईपनि प्रभावित गर्छ। बौद्धमतको पराभव तथा शैव र वैष्णवी मतका अनुयायी शासकहरुले सत्तामा वर्चस्व स्थापित गरेपछि सहजयानी सिद्ध परम्परा इतिहासको नैपथ्यमा गयो। तर लोकजीवनमा अहिलेपनि सिद्धसन्तहरुको चिन्हहरु पाइन्छन्। विशेषगरी लोकगाथा तथा लोकव्यवहारमा कुनै सकारात्मकरुपमै, त कुनै नकारात्मकरुपमा अझै विद्यमान छन्। हाम्रो निम्ती सिद्ध साहित्यबारे जान्नु यसकारणपनि महत्वपूर्ण छ भने, सिद्धसन्तका चौरासीवटा सन्तमध्ये अधिकांश गण्डकीभन्दा पूर्व तराईका छन्। अझ मैथिली र भोजपुरी निकटका बढी छन्।

सिद्ध साहित्यको अध्ययनको इतिहास बीसौं शताब्दीको पहिलो दशकबाट शुरु हुन्छ। बंगालका प्रख्यात विद्वान महामहोपाध्याय हरप्रसाद शास्त्रीले १९०७मा नेपाल भ्रमणको क्रममा केही अपभ्रंश दोहाहरु र चर्यापदको खोजी गरेपछि यो पहिलोपटक प्रकाशमा आएको हो। दोहा र चर्यापदमा बौद्धतन्त्र परम्परानुसार तान्त्रिक र योगसाधनाका पद्धतिहरुको प्रतीकात्मक वर्णन गरिएको छ। यी दोहा र पदहरुका रचियता चौरासीजना सिद्धसन्तहरु थिए। दसवर्षपछि शास्त्रीले संकलित दोहा र पदहरुलाई बौद्धगान ओ दोहाको नामबाट प्रकाशित गरे। शास्त्रीले यसलाई पुरानो बाङ्गलाभाषा मानेका थिए। तर पछि भाषा दृष्टिबाट अध्ययन पछि विद्वानहरुले यसमा उत्तरीभारत र नेपालको तराईमा लोकप्रचलित भाषा तथा शैव, वैष्णव र सूफी साहित्यको प्रभाव रहेका निश्चित गरे। कयौं विद्वानहरुले नव भारतीय आर्यभाषाहरु मगही, मैथिली, भोजपुरी र अवधी समेतको बीज सिद्धसाहित्यमा भेट्टाए। कयौ विद्वान तथा भाषाशास्त्रीहरुले सिद्धसन्तहरु मध्येका प्राचीनतम् सरहपाद र कन्हपाका रचनाहरुमा प्राचीनमैथिलीको सर्वाधिक प्रभाव मान्छन्। विद्वानहरुले सरहपादलाई मैथिलीको बीजकवि वा आदिकविको संज्ञा दिन्छन्। चौधौं शताब्दीका ज्योतिरिश्वरले वर्णरत्नाकरमा चौरासीजना सिद्धसन्तको उल्लेख गरेका छन् भने मैथिलीका महाकवि विद्यापतिका रचनाहरुमा सिद्धसाहित्यको प्रभाव प्रष्टरुपमा देख्नसकिन्छ। सिद्धसन्त र त्यसपछि नाथसम्प्रदायका सन्तहरुका दोहा र पदमा प्रयोग गरिएको भाषा पछि मैथिली भोजपुरी, अवधी, मगही र हिन्दी मिश्रित सधुक्करी भाषाको रुपमा विकसित भएको पाइन्छ, जस्लाई कयौं सुफी, सन्यासी, शैव र वैष्णव सन्तहरुले लेखन र बोलचालको भाषाको रुपमा प्रयोग गरेको पाइन्छ। हिन्दीका प्रसिद्ध समालोचक र विद्वान डा.हजारीप्रसाद द्विवेदीले कबीरको भाषामा सिद्धसाहित्यको प्रभाव अध्यधिक रहेको संकेत गरेका छन्। सिद्धसाहित्यको काव्यशैलीको प्रतीक, उपमान, रुपक र छन्दसमेतको परवर्ती सम्प्रदायहरुको साहित्यमा सहजै देखिन्छ।

महामहोपाध्याय शास्त्रीका अतिरिक्त सिद्धसाहित्यको विषयमा खोजी गर्नेमा राहुलसांकृत्यायन, डा. काशीप्रसाद जायसवाल,डा. प्रबोधचन्द्र बागची, सिल्वा लेभी जस्ता इतिहासकार भाषाविद् र साहित्यकारहरुको योगदान महत्वपूर्ण छ।

सिद्धसन्तहरुको रचनाप्रति मैथिली र भोजपुरीभाषी क्षेत्रमा उदासीनता तथा अज्ञानता नै भन्नु पर्छ कि भाषा र साहित्यको विकासको एउटा ऐतिहासिककाल नै अज्ञातमा छ। उल्लेखनीय छ, जतिबेला सिद्धसन्तहरु साहित्य रचना गरिरहेका थिए, त्यतिबेला कयौं समुदायमा लेखनप्रक्रिया नै शुरु भएको थिएन। यस बारे पर्याप्त खोजीको आवश्यकता छ, किनभने यस्मा हाम्रो ईतिहास लुकेको छ।

# हराउँदैछ नुनसँग जोडिएको हिमाली कथा

पोखरा। पहिले पहिले नेपालका सबै पहाडी र हिमाली भेगका बासिन्दा नुन किन्न भोट या नेपालपट्टिका तिब्बती बजारसम्म पुग्थे। तामाकोसी, अरुण, त्रिशूली, भोटेकोसी, मर्स्याङ्दी, कालीगण्डकी र कर्णालीका उपल्लोतटीय किनार नुन व्यापारका मुख्य मार्ग नै थियो।

वर्षा रोकिएपछि ती भेगका बासिन्दा भदौरे महिनामा तिब्बत गएर नुन र अरू सामग्री भेडा, च्याङ्ग्रा या घोडालाई बोकाएर ल्याउने, महिनौं लगाएर हिउँदमा त्यो सामान बिक्री गर्न तराई र भारतीय सीमासम्म पुग्ने गर्दथे। गर्मी लाग्दै गर्दा तराईको अन्नपात बोकाएर पहाड, हिमाल फर्कने हिमालय सीमापार व्यापार गर्ने समुदायको नियमित कारोबार संस्कृति नै बनेको पृथ्वीनारायण क्याम्पस पोखरामा प्राध्यापनरत रामचन्द्र बरालको 'नुन व्यापार मार्गसँग जोडिएका कालीगण्डकी भोट बेंसी सम्बन्धहरू' शीर्षकको अनुसन्धानमा भनिएको छ।

अन्यत्रको नुन व्यापारमा हिमाली खम्पा जातिको सक्रियता भए पनि कालीगण्डकी करिडोरको नुन व्यापारमा थकाली जातिको सक्रियता देखिएको बताउँदै बरालले तत्कालीन नुन अर्थतन्त्रमा आधारित भोट र पहाड बीचको सम्पर्क दूत थकाली जाति नै रहेको उल्लेख गर्नुभयो। 'नुन लिन भोट' भन्ने प्राचीन उखान मात्र नभएर बास्तविकता नै थियो। तर पछिल्ला पुस्ताका लागि भने यो उखान एकादेशको कथा जस्तै बनेको छ। करिब दुई दशकअघिसम्म प्रशोधित आयोनुनको प्रयोग नभएका अवस्थामा नेपालमा विशेषगरी हिमाली भूभाग र चीनबाट नुन आयात हुने गर्दथ्यो।

यातायातको पहुँच नभएका कारण नुन लिन हप्तौं हिँडेर ल्याउनुपर्ने तत्कालीन बाध्यता अहिलेका पुस्तालाई भने एकादेशको कथाजस्तै बनेको कास्की भरतपोखरीका ९० वर्षीय तीलकराम पौडेल बताउनुहुन्छ। उहाँलाई सुरुसुरुमा मुस्ताङको लेतेसम्म पुगेर नुन ल्याएको अनुभव अझै पनि ताजै छ। ढिके नुनका रूपमा चिनिने हिमाली भेगमा पाइने नुन साल्टट्रेडिङ कर्पोरेशनले आयोनुन बजारमा ल्याएसँगै छायाँमा परेको हो। हिमालपारिको जिल्ला मुस्ताङको छुसाङस्थित तेताङमा रहेको नुन खानी पछिल्ला वर्ष बन्द भएको छ।

तीनताका नुन खानीकै कारण यहाँका धेरैले रोजगार ीसमेत पाएका थिए। खानी बन्द भएसँगै रोजगारी त हटेको छ नै पैसा तिरेर महँगोमा नुन खानुपरेको स्थानीयवासीको गुनासो पनि छ। प्राचीन समयमा मुस्ताङको ढिके नुन देशका अधिकांश भागमा पुग्दथ्यो। बजारमा नुनको माग पूरा गर्न स्थानीयवासीलाई धौधौ थियो। नुन बेचेरै यहाँका स्थानीयवासीको जीविका चलेको थियो। पछिल्लो दशकमा नुन खानीको संरक्षणको साटो आयोडिन नभएको नुन खाए गलगाँड आउँछ भनेर प्रचार गरिएको र केवल गाईभैँसीलाई मात्र खुवाउन थालिएपछि यहाँको नुनसँग जोडिएको मौलिकता नै ओझेलमा पारिएको स्थानीयवासीको दुखेसो छ।

तत्कालीन समयमा कास्की, स्याङ्जालगायत आसपासका बासिन्दाले चामलसँग नुन साटेर लैजान्थे। अनुसन्धाता बरालका अनुसार तत्कालीन समयमा गण्डकी क्षेत्रका टुकुचे, दाना तातोपानी, तिप्ल्याङ, बीरेठाँटी मुख्य नुन व्यापार केन्द्रका रुपमा स्थापित बनेका थिए। टुकुचे यहाँको पुरानो भन्सार क्षेत्र हो। भोटका नुन व्यापारीले भण्डारण गर्ने र तल्लो पहाडकाले नुन खरिद गर्ने केन्द्र बजारका रुपमा यसले आफ्नो स्थान ओगटेको थियो।

तत्कालीन थकाली सुब्बाको नुन ठेकेदारीमा पहुँच घटेसँगै भन्सार दानामा सरेपछि टुकुचेको नुन बजार सुस्ताएको बराल बताउनुहुन्छ। टुकुचेबाट सरेको नुन बजारको केन्द्र दाना तातोपानी हुँदै क्रमशः भुरुङ तातोपानीतर्फ सरेको उहाँले बताउनुभयो।

विशेषतः ढाक्रेहरू र अन्य बटुवा तातेपानी कुण्डमा डुबेर भोटको चिसो फाल्ने मनसायले कुण्ड नजीकैका भट्टीमा बस्ने क्रमसँगै दानापछिको नुन बजार केन्द्रका रुपमा तातोपानी स्थान ओगटेको थियो। कास्की वीरेठाँटी आउने ढाक्रे र पश्चिम बेनी तथा कार्कीनेटा जाने ढाक्रेको सामूहिक जमघट हुने र छुट्टिने स्थान यहीं भएकाले तुलनात्मकरुपमा यहाँ बढी चहलपहल हुने गर्दथ्यो।

नुन व्यापारकै अर्को केन्द्रका रुपमा रहेको तिप्ल्याङ मुस्ताङ प्रवेशका लागि कठिन भिरमुनिको बस्तीका रुपमा परिचित छ। बाह्रगाउँ सेरिवका स्थानीयले आफूले स्थानीय खानीबाट किने, पाएको नुन र भोटका व्यापारीसँग साटेको नुनलाई चामल र अन्य खाद्यान्न तथा लत्ताकपडाका लागि विनिमय गर्न टुकुचे आउन नसकेका ढाक्रेलाई बढी मोलमा नुन बेच्न पाइने आशामा तिप्ल्याङसम्म ल्याएर बेच्ने गर्दथे। यसो गर्दा भन्सारको समस्या नपर्ने र डरलाग्दो भिरको बाटो हिँड्न नपर्ने भन्दै ढाक्रेलाई केही बढी मूल्यमा नुन चामल साटिन्थ्यो। तिप्ल्याङ बजारमा प्रायः बेनीतर्फको कालीगण्डकी तटीय पदमार्गका ढाक्रेको जमघट हुन्थ्यो। भारी बोक्नसक्ने आँट भएका र अझ सस्तोमा नुन ल्याउने नाइकेको साथ पाएका ढाक्रे भने अझ उपल्लो बस्तीतिर लम्कँदै टुकुचै नै आउथे।

बरालका अनुसार नुन बजारको केन्द्रका रुपमा रहेको वीरेठाँटी तत्कालीन समयको ढाक्रे विश्राम बजारका रुपमा परिचित थियो। भोट जाँदा उल्लेरीको उकालो चढ्नु पहिले बास बस्ने थलो र नुन बोकी ल्याउँदा चन्द्रकोट लुम्लेको उकालो चढ्नुपर्ने तयारीका लागि विश्राम गर्ने थलोका रुपमा रहेका कारण यो आवतजावत गर्दा बास बस्ने गन्तव्यका रुपमा विकास भएको थियो।



दुई दशकअघिसम्म मुस्ताङका स्थानीयवासीले त्यहाँको स्थानीय नुन नै प्रयोग गरे पनि पछिल्ला समयमा उत्पादन नै रोकिएपछि प्रशोधित नुन नै खाने गरेका छन्। मुस्ताङको नुन खानी रहेको तेताङका स्थानीयवासीले उक्त खानीबाट अझै पनि नुनको पानी ल्याएर खाने गरेको प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले जानकारी दिनुभयो।

नुनखानी हिमाली मौलिकतासमेत भएको र यसलाई जोगाउनका लागि मुस्ताङस्थित तेताङको नुनखानी सञ्चालनमा ल्याउन सरकारले प्रयास गरेपनि त्यो सार्थक हुन सकेको छैन। सांसद तुलाचनका अनुसार अघिल्लो वर्ष नुन खानी सञ्चालनका लागि बोलपत्र आह्वान भए पनि कसैको पनि निवेदन परेन।

विसं २०६० अघिसम्म स्थानीय शङ्करमान शेरचनले तेताङको नुन खानीबाट नुन निकाल्नु भएको भए पनि त्यसपछि भने उक्त नुन खानी बन्द रहेको छ। तत्कालीन समयमा शेरचनले वार्षिक ५० देखि ६० मुरीसम्म नुन उक्त खानीबाट निकाल्नुहुन्थ्यो। उत्पादनको अवस्थासँगै खानी सञ्चालनका लागि लाइसेन्स आदि प्रकृयाका कारण पनि टेण्डर हुँदा पनि निवेदन पर्न सकेनन, उहाँले भन्नुभयो, यस क्षेत्रको प्राचीन मौलकता कायम राख्नका लागि नुन खानी सञ्चालनको जमर्को गरेका हौं। मुस्ताङमा आउने पर्यटकलाई नुन खानीसम्म पुऱ्याउने र यहाँको कोसेलीका रूपमा किनेर लैजानसक्ने व्यवस्थाका लागि पनि सरकारले त्यसको सञ्चालनको सोच बढाएको हो। त्यसका लागि खानी तथा भूगर्भ विभाग र सम्बद्ध निकायका प्रतिनिधिसहितको प्राविधिक टोलीले नुनखानीको अध्ययन गर्दै उत्पादनका लागि आवश्यक प्रक्रिया बढाउन प्रतिवेदन बुझाएको थियो। सडकमार्गको पहुँच र नुन खानी रहेको पहाडबाट बग्ने नुनिलो पानीलाई पाइपलाइनमार्फत सहज ठाउँमा ल्याएर उत्पादन गर्न सकिने सो प्रतिवेदनमा सुझाव दिइएको थियो।

मुस्ताङको छुक्सङस्थित तेताङमा नुनखानीको पहाडै छ। मुस्ताङको नुन खानीबाट निकालिएको नुन चोखो हुने धार्मिक जनविश्वाससमेत छ। कुनै शुभसाइत वा जललाई चोखो बनाउन यहाँका नुन प्रयोग गर्ने गरिएको र वास्तुशास्त्रीय हिसाबले पनि यसको विशेष महत्व मानिने भएकाले घरको जगसाइतमा मुस्ताङी नुनको प्रयोग गर्ने प्रचलन छ।

तत्कालीन समयमा नुनकै लागि प्रख्यात मुस्ताङमा अहिले भने पोखराबाट प्रशोधित नुन जाने गरेको छ। पोखरास्थित साल्टट्रेडिङ कर्पोरेशन लिमिटेड गण्डकी प्रदेश कार्यालयबाट वार्षिक ८०० क्विन्टल नुन मुस्ताङका लागि जाने गरेको सो कार्यालयका प्रमुख वासुदेव उपाध्यायले जानकारी दिनुभयो। मुस्ताङको लागि साल्ट ट्रेडिङ कर्पोरेशनले बजारमा ल्याएको प्रशोधित भानु नामको नुन पठाउने गरेको छ। पछिल्ला समयमा चीनले सिल्क रोडका माध्यमबाट महादेशीय मुलुकलाई जोड्ने अन्तर्राष्ट्रिय व्यापारिक मार्गको पुरानो पहिचानलाई आधुनिक मार्गको जालोमा जोडने गरी रेशम मार्गको योजना अगाडि सारेका अवस्थामा यससँग जोडिएको नुन मार्ग पनि यतिखेर चासो र चर्चामा छ।

पुरातत्व विभागले मुस्ताङको कोरला नाकाबाट कालीगण्डकी कोरिडोर हुँदै भएको प्राचीन नुन व्यापार मार्गमा उत्तर र दक्षिणका छिमेकीबीचको रेशम मार्गसँगको सम्बन्धबारे प्रमाण जुटाउन छलफल एवं अन्तर्क्रिया पनि थालेको छ। रेशम मार्गसँग नेपालको संलग्नतामा भोट-मधेसको नुन व्यापार मार्गका रूपमा परिचित लोमन्थाङ-लुम्बिनीसम्मको प्राचीन मार्गलाई पहिचान गरी यस मार्गमा पर्ने बस्ती, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको सुक्ष्म अध्ययन अन्वेषण थालेसँगै यसले महत्व पाएको हो।

विगतमा भोटमा निर्भर भएको नुनको आपूर्ति स्रोत मुस्ताङी मार्गबाट हुने नुन तथा ऊनको व्यापार चक्र रोकिएसँगै दक्षिणका सामुन्द्रिक नुनमा भर पर्न प्रेरित बनेको देखिन्छ। नुनका लागि भोट जाने ढाक्रेहरुले भदौमा भोटतिर जाँदा उनीहरू बाटामा जडीबुटी सङ्कलन गर्दै जाने र बिक्री गरी त्यही पैसाले किनमेल गर्दा आर्थिक गतिविधि चलायमान बनेको थियो।

तत्कालीन समयमा तिब्बतसँग जोडिएका विभिन्न क्षेत्रबाट नुन र ऊनको व्यापारका लागि विभिन्न मार्ग निर्माण भएको बताउँदै अनुसन्धाता बरालले यीमध्ये मुस्ताङ, रसुवाको केरुङ, उपल्लो डोल्पा र हुम्लाको लिमी उपत्यका प्रमुख रहेको बताउनुहुन्छ। यी क्षेत्रमा बसोबास गर्ने मानिस पहाडी र तराई क्षेत्रको अन्न भोटसम्म र भोटको नुन र उन नेपालका पहाडी र तराई क्षेत्रसम्म पुऱ्याउने उहाँले जानकारी दिनुभयो।

नुन मार्गका ढाक्रेहरुलाई सुस्ताउने चौतारी, विश्राम गर्ने पाटी–पौवा, खोला तर्ने काठे साँघु निर्माण गर्ने र पानी खाने धारो बनाएर कृति राख्ने प्रचलन त्यसै समयदेखि सुरु भएको थियो। भोटबाट आयात हुने ढिके नुन र हिमाली क्षेत्रका नुन खानीबाट उत्पादित नुनले नेपालको नुन बजारको माग धानेकामा पछिल्ला समयमा देश पूर्णरुपमा नुनमा परनिर्भर बनेको छ। गलगाँडको प्रभाव आदिलाई देखाएर आयोडिन युक्त नुन प्रयोगका नाममा हाम्रो भोटसँगको साल्ट रोड तहसनहस पार्नुका साथै हिमाली जनजीवन, त्यससँग जोडिएका कथा र त्यहाँको अर्थतन्त्रलाई समेत परनिर्भर बनाइएको बरालको भनाइ छ।रासस

# फोहरलाई स्रोतमै वर्गीकरण गर्नु नै पहिलो दायित्व : वातावरणविज्ञ अमात्य



काठमाण्डु । काठमाण्डु र ललितपुर महानगरपालिकामा समुदायमाआधारितवातावरणमैत्रीअत्याधुनिक सार्वजानिक शौचालयको निर्माण गर्दै आएको एरोसान सस्टेनेवल स्यानिटेशन संस्थाका कार्यकारी प्रमुख एवं वातावरणविज्ञ प्रकाश अमात्य सरसफाइ व्यवस्थापनका लागि तीन तहका सरकारबीचको समन्वयमा जोड दिनुहुन्छ।

इजरायलको ग्यालेले विश्वविद्यालयबाट सन् १९९९ मा वातावरण व्यवस्थापन विषयमा पोष्ट ग्रयाजुएट, त्रिभुवन विश्वविद्यालयबाट १९९८ सूक्ष्म जीवन विज्ञान (माइक्रोबायोलोजी) मा स्नातकोत्तर, सन्२०१०काठमाडौंविश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर अध्ययन गरेका अमात्यसँग काठमाडौं उपत्यकाकोफोहरमैलाव्यवस्थापनका विद्यमान समस्या र समाधानको दिगो उपायका सम्बन्धमा प्रकाश सिलवालले गर्नुभएको संवादको सम्पादित अंश :

**काठमाण्डु उपत्यकाको फोहरमैला व्यवस्थापनको मुद्दा वर्षौंदेखि ज्यूँका त्यूँ रहनुमा के कारण देख्नुहुन्छ ?**

पहिलो कुरा त हामीले फोहरमैला व्यवस्थापनलाई कसरी हेर्ने र बुझ्ने भन्ने सोचमै समस्या देख्खु छ म। जस्तो, फोहर किन भन्ने ? फोहरबाट मोहर पनि बन्ने भएकाले हामीले यसलाई सरसफाइ व्यवस्थापनभन्दा उपयुक्त हुन्छ।

मेरो विचारमा यो समस्या सधैं बल्झिरहनुमा नीतिगत, भौतिक र पूर्वाधार क्षेत्रका समस्याहरू छन् । यो कामको जिम्मेवारी सङ्घीय सरकारले लिनुपर्छ । संविधानतः सरसफाइ व्यवस्थापन स्थानीय तहको कार्यक्षेत्र भएकाले स्रोत साधन स्थानीय तहलाई दिइनुपर्छ। अहिले त यस सवालमा नयाँ संविधानअघिकै ढर्रामै काम भएको देखिन्छ ।सडकका फोहर बढार्ने र निश्चित स्थानमा लगेर राख्ने काम महानगरले गरिरहेको छ, व्यवस्थापन गर्ने स्थलमा केन्द्र सरकारले नै जिम्मेवारी लिएको छ। यहाँको फोहरलाई कम्पोष्ट गरेर व्यवस्थापन गर्न लगानी बोर्डबाट स्वीकृति पाएको फिनल्याण्डको नेप वेष्ट कम्पनीले काठमाडौं महानगरसँग अहिलेसम्म सम्झौता गर्न पाएको छैन । यसलाई ठूला आयोजनाका रुपमा विकास गर्न महानगरको नेतृत्व पनि तयार रहनुपर्छ । काठमाडौंका ढुङ्गेधारालाई पुरानै शैलीमा संरक्षण गर्छु भनेर भाषण गरेर मत माग्ने अनि यहाँ अत्याधूनिक विकास पनि गर्छु भन्ने कुरा एकैसाथ सम्भव छैन।

काठमाण्डुमा उत्पादन हुने ६० प्रतिशत फोहर गल्ने खालका छन्। कुहिने र नकुहिने फोहरलाई वर्गीकरण गर्न सकिएको छैन। यो कुरा कानुनमा आएको पनि १० वर्ष भइसकेको छ तर किन लागू हुन सकेन ? त्यसको जवाफ हामीले खोज्नुपर्छ। हामीले प्रविधिमा मात्रै निर्भर रहेर वा विकासित मुलुकको अभ्यासलाई मात्रै लागू गर्न खोजेर पनि यो समस्या समाधान हुँदैन। विकसित मुलुकमा प्रयोगिक र प्रज्वलनशील वस्तु कागज र प्लाष्टिकको प्रयोग अत्याधिकहुन्छ, नेपालमा कागज र प्लाष्टिक प्रयोग प्रयोग हुन्छ। त्यो कुरा नबुझिकन प्राविधिमा आधारित विकल्पले मात्रै पनि समाधान हुँदैन।

अर्कातिर हाम्रोमा व्यवस्थापनका लागि ढुवानीको जुन कुरा छ, यसमा धेरै खर्च भएको छ र चलखेल पनि छ। जस्तै म एउटा उदाहरण दिउँ, कवाडी (खाली कागज, पुराना बोत्तल आदि) को काम गर्नेले काठमाडौंका विभिन्न स्थानमा सामान सङ्कलन गरेर उपत्यका बाहिर लाँदा बल्खुमा कवाडी कर उठाइन्छ। काठमाण्डु महानगरपालिकाले उक्त कर उठाउन निजी क्षेत्रलाई ठेक्का दिएको छ। त्यो ठेकेदारले करमात्रै वार्षिक रु आठ करोड महानगरलाई तिर्छ। त्यो ठेक्कामा लिनेलाई कति नाफा होला ? त्यहाँ राजनीतिक क्षेत्रसँग कस्तो चलखेल होला ? अनि यहाँको फोहर व्यवस्थापनको दिगो समाधान भयो भने त सायद यस्ता चलखेल बन्द हुने डर हो कि ? सिसडोल र वञ्चरेडाँडामा स्थानीयवासीले भन्दा अरुहरूले जग्गा किनेर जग्गाको भाउ बढाउने र बढी मुआब्जा माग्ने काम भइरहेको छ। त्यहाँका बासिन्दाका नाममा सरकार र महानगरबाट जाने सुविधा र सहयोग (बजेट) टाठाबाठा र राजनीतिक पहुँच हुनेले धेरै उपयोग गरिराखेकाछन्। त्यसैले यो कुरा भोट र नोटसँगपनि जोडिएको छ।

**काठमाण्डु उपत्यकावासी र नागरिक तहबाट सरसफाइ व्यवस्थापनमा कस्तो योगदान हुन सक्छ त ?**

हरेकले घरघरमा फोहरको वर्गीकरण गर्नुपर्छ। कुहिने फोहरबाट मल बनाउन सकिन्छ। गड्यौला मल बनाएर आफूलाई आवश्यक परेमा उपयोग र आवश्यक नभएमा बिक्री गरेर पैसा पनि कमाउन सकिन्छ । एरोसान सस्टेनेवल स्यानिटेशनबाट तपाईंहरूले सुरु गरेको सार्वजानिक शौचालय अभियानबारे बताइदिनुस् न ?

हामीले यस संस्थाबाट काठमाडौं र ललितपुर महानगरपालिकाभित्रका विभिन्न स्थानमा स्वच्छ, महिलामैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री अत्याधुनिक तथा समुदायमा आधारित शौचालयको सुविधा दिँदै आएका छौं । यो न्यून आय भएका समुदायलक्षित अत्याधुनिक शौचालय निर्माण अभियान हो । यसबाट उपभोक्ताले राम्रो सुविधा पाएका छन् । मानिसहरू सुविधायुक्त र महिलामैत्री, अपाङ्गमैत्री, वातावरणमैत्रीशौचालय पाएमा शुल्क पनि तिर्न तयार छन् । निःशुल्क सार्वजनिक शौचालय प्रयोग गर्नै नसक्ने अवस्थामा परिणत भइसकेका छन्। त्यतिमात्र होइन सार्वजनिक शौचालय चलाउने नाममा सार्वजनिक जग्गा हडपेर त्यहाँ अरु व्यापारका लागि भाडामा दिएर कमाउने खेल पनि भइरहेको छ। हाम्रो एरोसानद्वारा निर्मित तथा सार्वजनिक निजी अवधारणामा स्थानयि तहलाई शौचालयको सुविधाका लागि सञ्चालित यस शौचालयले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रविधि प्रवर्द्धन पुरस्कार २०७८ जित्न पनि सफल भएको थियो भने विश्वस्तरीय सरफाती स्यानिटेशन प्रतियोगितामा उत्कृष्ट पाँचसम्म पुग्न सफल भएको थियो । गत शनिबारमात्रै हामीले काठमाडौं महानगरपालिका २० वडास्थित परोपकारमा वडा कार्यालयको सहकार्यमा २५ वर्ष पुरानो तथा जीर्ण सार्वजनिक शौचालयलाई अत्याधुनिक शौचालयमा स्तरोन्नति गरेर महानगरप्रमुख बालेन्द्रशाह, वडाध्यक्ष राजेन्द्र मानन्धरको उपस्थितिमा उद्घाटन गराएका छौं। नगरप्रमुख शाहबाट शौचालयमा प्रयोग भएको आकासेपानी सङ्कलन र पुनः भरण प्रविधिलाई महानगरको प्रत्येक घरमा जडान गर्न आवश्यक बजेट विनियोजन गरिएको र शौचालयलाई सिकाइ केन्द्रको रुपमा विकास गर्न सकिने जुन प्रतिबद्धता दिनुभएको छ, त्यसबाट हामी उत्साहित भएका छौं। करिब रु ५० लाख लागत पर्ने यस्ता शौचालय हामीले योसमेत गरी सात स्थानमा बनाइसकेका छौं।

एरोसान सस्टेनेबलले यसअघि सन् २०२० देखि २०२२ सम्ममा काठमाडौं महानगरपालिकामा चार वटा र ललितपुर महानगरपालिकामा दुई वटा गरी जम्मा छ वटा अत्याधुनिक सार्वजनिक शौचालय सञ्चालनमा ल्याइसकेको छ । यसबीचमा करिब पाँच लाख ९१ हजार दुई सय ६९ पुरुष र एक लाख ८० हजार पाँच सय ३६ महिला प्रयोगकर्तालाई सार्वजनिक शौचालयको सुविधा प्रदान गर्न हामी सफल भएका छौं । शौचालयबाट उत्सर्जित दिसा पिसाबजन्य फोहर व्यवस्थापनका लागि बायोग्याँस प्रविधिको जडान गरी हालसम्म ७० हजार छ सय ९९ लिटर पिसाव र नौ हजार पाँच सय ७९ किलो दिसा व्यवस्थापन गरी ७०५.२ लिटर बायोग्यासअर्थात् ४९.४ सिलिन्डर एलपिजी ग्यास उत्पादन भएको छ भने फोहर पानी प्रशोधन प्रणालीमार्फत तीन लाख ६० हजारलिटर फोहर पानी प्रशोधन र आकाशेपानी सङ्कलन प्रविधिको प्रयोगबाट २७ लाख ४० हजार एक सय ६० लिटर आकाशेपानीको सङ्कलन गरेर शौचालयमा प्रयोग गरिएको छ।

हाम्रो एरोसानद्वारा निर्मित तथा सञ्चालित शौचालयमा दैनिक एक हजार लिटर फोहर पानी प्रशोधन गर्ने क्षमता भएको फोहर पानी प्रशोधन प्रविधि प्रयोग गरिएको छ भने मानव मलमूत्रलाई शौचालयमै व्यवस्थापन गरी बायोग्यास उत्पादन गर्न १० घनमिटरको वायो ग्याँस प्लान्ट शौचालय परिसरमै निर्माण भएको छ। यसले वातावरणमैत्री बनाउन अहं भूमिका खेलेको छ।

**सार्वजनिक शौचालय सफाइ र व्यवस्थापनमा अहिले काठमाडौं महागरपालिकाको भूमिका कस्तो छ ?**

सफा शौचालयलाई प्राथमिकतामा नराख्ने हो भने रोगको केन्द्रबिन्दु शौचालय बन्न सक्छ। सरसफाइ कति महत्त्वपूर्ण छ, सबैलाई थाहै छ। महामारीमा स्वास्थ्य सेवामा जस्तै शौचालयमा पनि लगानी गर्नुपर्ने सही समय आइसकेको छ । शौचालयजन्य मानव मलमूत्रले वातावरण प्रदूषणमा नकारात्मक रासायनिक प्रदूषण उल्लेख्य रूपमा गरेको छ।

एरोशान हव शौचालय दुई कुरामा केन्द्रित छन्-महिला र पानी। यसमा महिला प्रयोगकर्तालाई ख्याल गरिन्छ। शौचालयमा काम गर्ने अवसर पनि महिला नै दिइएको छ। यहाँका शौचालयको स्वामित्व पनि महिलासँग छ । उपत्यकामा परम्परागत रूपमा सफाइको काम गर्दै आएका देउला, पुजारी, पौडेलगायत नेवार समुदायभित्रको जातिका महिलालाई व्यवस्थापनको जिम्मा दिइएको छ। युवा महिलाको बाहुल्य हुने गरी स्वाभिमानी सफाइकर्मी सहकारी संस्थाले यसको नेतृत्व लिएको छ।

मेरो विचारमा सार्वजनिक शौचालयको सुधार नहुनुमा तीन प्रमुख मुद्दा छन्, - बहालमुखी नीति र बोलपत्र प्रक्रियाबाट शौचालय ठेक्कामा दिनु। रोचक के छ भने रत्नपार्क वरिपरिका शौचालयबाट महानगरपालिकाले वार्षिक एकमुष्ट रु एक करोड बहाल उठाउँछ तर यसका लागि शौचालय मापदण्ड, सञ्चालन र व्यवस्थापन कार्यविधि बनाइएको छैन । राजनितिक इच्छा शक्ति न्यून हुनु नै सार्वजनिक शौचालय सेवा विस्तार हुन नसकेको हो। शौचालय ठेक्कामा लगाएर राज्यले लाखौं आम्दानी गर्ने, अनि शौचालय सेवा विस्तारमा लगानी नै नगर्ने ? जनताले अस्तव्यस्त शौचालय प्रयोग गरेबापत शुल्क तिरिरहनु पर्ने ?

सार्वजनिक शौचालयबाट राज्यले गरेको आम्दानी के गर्छ ? सरसफाइ नागरिकको मौलिक अधिकार भनेर नेपालको संविधानले लेखेको होइन ? त्यसैले काठमाडौं र ललितपुर महानगरपालिकाको सहकार्यमा सार्वजनिक शौचालयमा उल्लेख्य परिवर्तन आएको छ । यस उपलब्धिलाई निरन्तरता दिन र स्थायित्व बनाउन सङ्घीय सरकारले सार्वजनिक शौचालय मापदण्ड, सञ्चालन र व्यवस्थापन निर्देशिका जारी गरी पालिकामा अविलम्ब लागू गर्न ढिलाइ गर्न हुँदैन।

**अन्त्यमा, बुँदागतरुपमा भन्नुपर्दा उपत्यकाको सरसफाइ व्यवस्थापनको दिगो समाधानका लागि कुन निकायले के गर्नुपर्ला ?**

यसमा पहिला त सङ्घीय सरकारले समाधानका लागि स्पष्ट नीति ल्याउनुपर्छ । सरकार के चाहन्छ ? फोहरलाई पोको पारेर उठाएर फाल्ने कि ? मल बनाउने कि ? जलाएर खरानी बनाउने कि ? के गर्ने त्यो नीतिमा आउनुपर्छ । साथै सरकारले भौतिक पूर्वाधारमा पर्याप्त लगानी गर्नुपर्छ । फोहरमैला व्यवस्थापन ऐनको अक्षरशः कार्यान्वयन हुनुपर्छ। यस क्षेत्रमा निजी क्षेत्रलाई पनि काम गर्ने वातावरण दिनुपर्छ। अहिले महानगरमा घरघरमा पैसा उठाएर फोहर लिन आउने निजी क्षेत्र कानूनतः मान्य छैन।

यसलाई मान्य बनाउने हो भने बनाउनुपर्छ र, एक ठाउँको फोहर अर्को ठाउँमा लगेर थुपारेर वा फालेर दिगो समाधान हुँदैन । फोहरको फोहरको स्रोतमै वर्गीकरण गर्नुपर्छ, यसका लागि नागरिकको भूमिका हुन्छ । स्थानीय तहले आफ्नो कार्यक्षेत्रबमोजिम इमान्दार भएर सरकारको नीति कार्यान्वयन गर्दै प्रभावकारी व्यवस्थापनमा लाग्नुपर्छ।रासस

# आदिवासी समुदायको हकहितका लागि सरकार क्रियाशील छ : प्रधानमन्त्री देउवा



काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले वर्तमान सरकार संविधानले सुनिश्चित गरेका आदिवासीको हकहित र सुविधाका विषयमा क्रियाशील रहँदै आएको बताउनुभएको छ। विश्व आदिवासी दिवसका अवसरमा नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घले आज यहाँ आयोजना गरेको 'विश्व आदिवासी दिवस विशेष भेला' को उद्घाटन गर्दै उहाँले आदिवासी जनजातिका हितका लागि सरकारले विभिन्न महत्वपूर्ण काम गर्दै आएको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "वर्तमान सरकार संविधानमा उल्लेख गरिएका आदिवासीको हकहित र सुविधाका विषयमा क्रियाशील रहँदै आएको छ । संविधानले आदिवासी जनजाति समुदायको विकास र समृद्धिका लागि छुट्टै आयोगको व्यवस्थासमेत गरेको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गरी उनीहरूको उत्थान विकास गर्दै जातीय पहिचान र भाषा संस्कृतिको संरक्षणमा पनि काम गर्दै आएको छ।'

प्रधानमन्त्री देउवाले आदिवासी जनजातिको पहिचान गरी राज्यको मूलधारमा ल्याएर उनीहरूलाई कुनै पनि किसिमको अवसरबाट बञ्चित हुन नदिन सबै मिलेर काम गर्नुपर्ने जरुरी औंल्याउनुभयो । उहाँले राज्यका सबै तह र तप्कामासमावेशीकरणको नीतिलाई प्रभावकारी बनाउँदै राष्ट्रको विकास र समृद्धिमा उनीहरूको योगदानको उच्च कदर गर्न आवश्यक रहेको बताउनुभयो।

प्रधानमन्त्री देउवाले आदिवासी जनजाति समुदायको विकास, उनीहरूका हक अधिकारको सुनिश्चितका लागि महासङ्घले अघि बढाउने हरेक सवालमा सरकारले सदैव साथ दिने विश्वास व्यक्त गर्नुभयो।"नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक, विविधताभित्रको एकता मूल मन्त्रका रूपमा रहेको भन्दै उहाँले थप्नुभयो, "नेपालका विभिन्न जाति, भाषा, समुदायबीच एकअर्काप्रति सामाजिक सद्भाव र सहिष्णुता अत्यन्त राम्रो छ। जुन नेपालको विशिष्ठ पहिचान भएकाले यसलाई चिरकालसम्म अक्क्षुर्ण राख्नुपर्छ।'

प्रधानमन्त्री देउवाले नेपाल एकीकरणदेखि आजको अवस्थासम्म आइपुग्दा राष्ट्र निर्माणमा नेपालका आदिवासी जनजातिको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै दिवसले आदिवासी समूदायको हकहितको प्रवर्द्धनका साथै पारस्परिक सद्भाव, सहयोग र एकता अभिवृद्धिका लागि महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नुभयो।

नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले कांग्रेस स्थापनासँगै प्रजातान्त्रिक आन्दोलनमा आदिवासी जनजातिको महत्वपूर्ण भूमिका रहेको र त्यसमा सर्वमान्य नेता गणेशमान सिंह आदिवासी समुदायमा मात्र नभई अन्तर र्राष्ट्रियरूपमा पनि चर्चित व्यक्तित्व भएको स्मरण गर्नुभयो । नेपालको संविधानले सामाजिक न्याय र समावेशिताको नीतिअन्तर्गत आदिवासी जनजातिलाई आफ्नो पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्दै उनीहरूलाई राज्यबाट प्राप्त हुने अवसर र लाभलाई विशेष व्यवस्था गरेर आत्मसात् गरेको उहाँको भनाइ थियो।रासस

# राष्ट्रियसभामा तीन प्रतिवेदन पेश

काठमाण्डु । राष्ट्रियसभाको सोमबारको बैठकमा तीन प्रतिवेदन पेश भएको छ । बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट कृषि तथा पशुपक्षी विकासमन्त्री मृगेन्द्रकुमार सिंह यादवले तीन प्रतिवेदन पेश गर्नुभएको हो । बैठकमा पेश भएका प्रतिवेदनमा न्याय परिषद् र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन, २०७७/७८, राष्ट्रिय महिला आयोगको चौधौं वार्षिक प्रतिवेदन, २०७७/७८ र महालेखा परीक्षकको ५९ औं वार्षिक प्रतिवेदन, २०७९ पेश गरिएको हो।

बैठकले 'कारागार विधेयक, २०७६ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ। प्रतिनिधिसभाको सन्देशसहित प्राप्त उक्त विधेयक गृहमन्त्री बालकृष्ण खाणले उक्त समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रपति कार्यालयबाट प्राप्त प्रमाणीकरण विधेयक पढेर सुनाउनुभयो। प्रमाणीकरण भएको विधेयक ' मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ हो । उक्त विधेयक यही साउन १८ गते राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गर्नुभएको थियो । राष्ट्रियसभाको अर्को बैठक यही साउन २५ गते बुधबार १ बजे बस्ने छ।रासस

# एउटै शक्तिशाली आयोग बनाउनुपर्छ : सांसद



काठमाण्डु । सांसदहरुले संवैधानिक आयोगका काम कारबाहीलाई थप प्रभावकारी बनाउन एउटै शक्तिशाली आयोग बनाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिको सोमबारको बैठकमा भएको 'राष्ट्रिय समावेशी आयोगको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन र आगामी आवको स्वीकृत कायर्क्रम कार्यान्वयन रणनीति' सम्बन्धमा भएको छलफलमा सांसदहरुले प्रत्येक जातजाति, भूगोल वा क्षेत्रको आधारमा छुट्टाछुट्टै आयोग बनाउनुको सट्टा सबैको प्रतिनिधित्व हुनेगरी एउटै शक्तिशाली आयोग बनाउनुपर्नेमा जोड दिनुभएको हो।

सांसद नन्दलाल रोका क्षेत्रीले सरकारले आयोग गठन गर्ने तर पर्याप्त बजेट नदिने र सहयोग नगर्ने सन्र्दभ उल्लेख गर्दै सबै जातजातिको प्रतिनिधित्व हुनेगरी एउटा मात्रै आयोग बनाउनुपर्ने तर्क गर्नुभयो।

सांसद कुमारी मेचेले सबै आयोगलाई एकै ठाउँमा गाभेर शक्तिशाली आयोग बनाउनुपर्नेमा जोड दिनुभयो।

सांसद शिवकुमार मण्डलले "सातै वटा संवैधानिक आयोगबीच समन्वय र छलफल हुनुपर्छ र कामको प्रकृतिको आधारमा नेपालमा रहेका सबै जातजातिको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाको बारेमा अध्ययन गर्नुपर्छ" भन्नुभयो।

सांसद लक्ष्मी परियारले राष्ट्रिय समावेशी आयोग नै समावेशी नभएको टिप्पणी गर्नुभयो। सांसद नारायणप्रसाद खतिवडाले आयोगबाट बजेट कमी भएको गुनासो आइरहेको सन्र्दभ उल्लेख गर्दै एउटै शक्तिशाली आयोगको आवश्यकता औंल्याउनुभयो।

समावेशी आयोगका अध्यक्ष डा रामकृष्ण तिमल्सेनाले आयोगले लक्षित वर्ग खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक र किसानलगायत ११ वटा क्षेत्रको अध्ययन गरी नीतिगत सिफारिसलाई प्रतिवेदनमा उल्लेख गरिएको जानकारी दिनुभयो।रासस

# जारी नागरिकता सच्याउन गृहको निर्देशन

काठमाण्डु । गृहमन्त्रालयले अपमानजनक शब्द प्रयोग गरी नागरिकतामा व्यक्तिका नाममा र थर जनिने गरी नागरिकता प्रमाणपत्र जारी नगर्न निर्देशन दिएको छ।

मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले सोमबार विज्ञप्ति जारी गर्दै विभिन्न जिल्लाबाट जारी भएका नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्दा अपमानजनक शब्द राखी जारी भएको सम्बन्धमा प्रकाशित समाचार, सूचना र जानकारीप्रति मन्त्रालयको ध्यानाकर्षण भएको जनाउँदै अपमानजनक शब्द प्रयोग गरी जारी भएका नागरिकता प्रमाणपत्रमा सम्बन्धित व्यक्तिले सच्याउन माग गरेमा आवश्यक प्रक्रिया पूरा गरी सच्याउन व्यवस्था मिलाउन निर्देशन दिनुभएको छ।


मधेश प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

स्वास्थ्य निर्देशनालय

प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरी

जलेश्वर, नेपाल

अस्थायी दरबन्दी करार सेवामा जनशक्ति लिने सम्बन्धी दरखास्त आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०४/२४

यस अस्पतालको स्वीकृत अस्थायी दरबन्दी अनुसार तपसिल अस्थायी दरबन्दीका पदहरुमा यस अस्पतालमा करार सेवाद्वारा भर्ना गर्नुपर्ने भएकोले नेपाली नागरिकहरुबाट आवश्यक न्यूनतम शैक्षिक योग्यता, नागरिकता प्रमाणपत्र, काउन्सिल दर्ता प्रमाणपत्र (नविकरण भएको) र कार्य अनुभवको प्रमाणपत्र लगायत अन्य सबै आवश्यक प्रमाणपत्रहरुको प्रतिलिपि र आवेदन शुल्क वापतको रकम रा.बा.बैंक जलेश्वरमा राजश्व खाता नं. १०००२०००१००००, राजश्व शिर्षक अन्य प्रशासनिक शुल्क (१४२२९) र कार्यालय कोड ३५०००१८०१२ मा जम्मा गरी बैंक भौचर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र दरखास्त पेश गर्न आव्हान गरिन्छ। साथै आवेदन दिने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा विदाको भोलीपल्ट कार्यालय समयमा फाराम बुझाउन सकिने व्योहोरा अनुरोध छ। साथै अधिकृतस्तरको लागि १०००।-(एकहजार मात्र), सहायकस्तरको लागि ६००।-(छ सय मात्र) र श्रेणी विहिनको लागि रु.४००।- (चार सय मात्र) बैंक भौचर आवेदनसहित पेश गर्नुपर्ने छ।

तपसिल

| सि.नं. | पद | तह | संख्या |
|---|---|---|---|
| १ | कन्सल्टेन्ट पिडियाट्रिसियन | ९ | १ |
| २ | कन्सल्टेन्ट अब्स्टेट्रिसियन | ९ | १ |
| ३ | कन्सल्टेन्ट सर्जन | ९ | १ |
| ४ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | ९ | १ |
| ५ | कन्सल्टेन्ट साइक्याट्रिक्स | ९ | १ |
| ६ | कन्सल्टेन्ट एनेस्थोसियोलोजिष्ट | ९ | १ |
| ७ | कन्सल्टेन्ट जनरल फिजिसियन (Internal Medicine) | ९ | १ |
| ८ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | ९ | १ |
| ९ | मेडिकल अधिकृत | ८ | २ |
| १० | डेन्टल सर्जन | ८ | १ |
| ११ | फिजियोथेरापिष्ट | ७ | १ |
| १२ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | ७ | १ |

| सि.नं. | पद | तह | संख्या |
|---|---|---|---|
| १३ | नर्सिङ्ग अधिकृत | ७ | १ |
| १४ | ल्याब टेक्निसियन | ५ | २ |
| १५ | मेडिकल रेकर्डर सुपरभाइजर | ५ | १ |
| १६ | स्टाफ नर्स | ५ | २ |
| १७ | हे.अ. | ५ | ४ |
| १८ | फार्मेसी सहायक | ५ | १ |
| १९ | डेन्टल हाइजिनिष्ट | ४ | १ |
| २० | बायोमेडिक टेक्निसियन | ४ | १ |
| २१ | अ.न.मि. | ४ | ३ |
| २२ | एनेस्थेटिक सहायक | ४ | १ |
| २३ | कम्प्युटर अपरेटर | ५ | १ |
| २४ | ह.स.चा. | श्रेणी विहिन | १ |
| २५ | का.स. | श्रेणी विहिन | ३ |

तपसिल

**क) परिक्षाको किसिमः**- अन्तरवार्ता।

**ख) अन्तरवार्ता स्थलः**- प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरी।

**ग) न्यूनतम शैक्षिक योग्यताः**- लोकसेवा आयोगको नियमानुसार।

**घ) उमेरको हदः**- लोक सेवा आयोगको नियमानुसार।

**ङ) सम्पर्क मितिः**- २०७९/०५/०८ गते।

**च) अन्तरवार्ता मितिः**- सम्पर्क मितिमा तोकिने छ।

# इजरायल गाजा हमलाको अफ्रिकन युनियनद्वारा निन्दा

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । अफ्रिकन युनियनले इजरायल र गाजामा भएको हिंसात्मक हमलाको निन्दा गरेको छ । सो युनियनका अध्यक्ष माउसा फाकी माहमतले सो निन्दा गर्नुभएको हो ।

प्यालेस्टीनियन इस्लामिक जिहाद, पिआइजे र अर्को अतिवादी समूहका कारण गाजामा इजरायलत तर्फबाट हमला भएको थियो । केही दिनयताको सो हिंसात्मक आक्रमणमा परेर २४ जनाको ज्यान गएको थियो भने अरु दुई सयभन्दा बढी मारिएका थिए ।

युनियनका अध्यक्ष माहमतले यसरी सर्वसाधारण नागरिक तथा बालबालिकालाई तारो बनाएर हमला गर्नु भनेको अन्तर्राष्टिय कानुनको उल्लङ्घन हो भन्दै यस्ता कार्य तत्कालै रोक्न आग्रह गर्नुभएको छ ।सो विज्ञप्तिमा उहाँले यहाँको यो आक्रमण तत्कालै बन्द गरी अन्तर्राष्टिय समुदायको समेत सहभागितामा दिगो समाधान खोज्नुपर्ने बताउनुभएको छ ।

उता संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले पनि गाजामा भएको आक्रमणबाट यहाँका बालबालिका तथा महिला लगायत सर्वसाधारण नागरिकको ज्यान गएको घटनाबाट आफू दुःखी रहेको बताउनुभएको थियो । महासचिव गुटर्रेस र युनियनका अध्यक्ष माहमतले हिंसात्मक हमलाको अन्त्य गरेर सबै प्रकारका समस्याहरुको समाधानका लागि शान्तिपूर्ण माध्यमबाट अघि बढ्न सबैसँग आग्रह गर्नुभएको थियो।

# इजरायल र विद्रोही लडाकू समूहबीच युद्धविराम गर्ने सहमति

**सिन्ह्वा**

जेरुसेलम । इजरायल र विद्रोही लडाकू समूहका बीचमा



युद्ध विराम गर्ने सहमति भएको छ । सोमबार मध्यरातदेखि लागू हुनेगरी युद्धविरामको सहमति भएको इजरायलका प्रधानमन्त्री याइर लापिडले पुष्टि गर्नुभएको छ ।

लामो समयदेखि उनीहरुका बीचमा युद्ध चलिरहेको भए पनि पछिल्लो तीन दिन लगातार भीडन्त भएको थियो । भीडन्तमा परी कम्तीमा ४३ जनाको मृत्यु भएको थियो । ठूलो क्षति र सर्वत्रको दवावपछि युद्ध विराम गर्न दुवै पक्ष सहमत भएका हुन् । इजिप्टका मध्यस्थकर्ताहरूको सहयोगमा युद्धविराम भएको खवर थाहा पाएपछि स्थानीय बासिन्दाले खुसीयाली मनाएका छन् ।

इजरायलबाट भइरहेको आक्रमण रोक्न इजिप्टले पहल गरेर युद्ध विरामको वातावरण बनाएकोमा इस्लामिक जिहादका प्रवक्ताले खुशी व्यक्त गरेका छन् । इजरायलले गत सोमवार राति इस्लामिक जिहादका प्रमुख भनिएका बसिम सादीलाई पक्राउ गरेपछि तनाव बढेको थियो । इरानले समर्थन गरेको इस्लामिक जिहाद समूह गाजामा सक्रिय सबैभन्दा बलियो विद्रोही समूह मानिन्छ ।

# मेक्सिकन क्लबमाथि गोल वर्षा गर्दै बार्सिलोनाले जित्यो जोन ग्याम्परको उपाधि




एजेन्सी । मेक्सिकन क्लब पुमास यूएनएएमलाई आधा दर्जन गोल अन्तरले हराउँदै स्पेनिस क्लब बार्सिलोनाले जोन गाम्परको उपाधि जितेको छ । आइतबार राति घरेलु मैदान नोउ क्याम्पमा भएको खेलमा बार्सिलोनाले ६-० को जित निकालेको हो। बार्सिलोनालाई जितउन पेड्रीले दुई गोल गरे। यस्तै, रोबर्ट लेवान्डोस्की, औसमाने डेम्बेले, पिएरे औबामेयाङ र फ्रान्की डी योङले एक एक गोल गरे।

बार्सिलोनाले पहिलो २० मिनेटमै चार गोल गरेको थियो । खेलको तेस्रो मिनेटमा नै लेवान्डोस्कीको गोलबाट बार्सिलोनाले सुरूआती अग्रता लिएको थियो। त्यसको दुई मिनेट पछि पेड्रीले गोल गर्दै बार्सिलोनाको अग्रता दोब्बर पारे। १०औं मिनेटमा डेम्वेलेले गोल गरेपछि बार्सिलोना खेलमा पहिलो १० मिनेट भित्रै ३-० ले अघि बढ्यो ।

१९ औं मिनेटमा पेड्रीले व्यक्तिगत दोस्रो तथा टोलीका लागि चौथो गोल गरेपछि बार्सिलोना पहिलो हाफमा ४-० अग्रता लियो । ४९औं मिनेटमा औवामियाङले गोल गर्दै अग्रता अझै फराकिलो पारे । ८४ औं मिनेटमा फ्रान्की डि जोङले गोल गर्दै बार्सिलोनालाई ६-० को सानदार जित दिलाए ।

बार्सिलोनाले नयाँ सिजनको ला लिगा खेल्नुअघि हरेक वर्ष जोन ग्याम्पर कप आयोजना गर्ने गर्दछ। हालसम्म ५७ पटक यो कपको आयोजना हुदा बार्सिलोनाले सर्वाधिक ४५ पटक यो उपाधि जितेको छ ।

गत वर्ष बार्सिलोनाले युभेन्ट्सलाई हराएर उपाधि जितेको थियो । बार्सिलोनाले अर्को शनिबार रायो भालेकानोसँग खेल्दै ला लिगा सिजन २०२२/२३ सुरूआत गर्नेछ।

# भीडन्तका क्रममा इजरायलमा ५१ को मृत्यु भएको दाबी

**एएनआई**

टेल अभिभ । इजरायली सुरक्षाकर्मी र गाजा क्षेत्रका विद्रोही समूहका बीचमा भएको भिडन्तका क्रममा कम्तीमा ५१ मृत्यु भएको दाबी गरिएको



छ । पछिल्लो तीन दिनमा भएको भीडन्तमा परी ४३ जनाको मृत्यु भएको बताइएकोमा इजरायली सुरक्षा फौजले नै ५१ जनाको मृत्यु भएको पुष्टि गरेको हो । कुल मृतक मध्ये २४ जना विद्रोही पक्षका लडाकू रहेका छन भने २७ जना गाजा क्षेत्रका स्थानीय बासिन्दा रहेका छन् । सरकारी पक्षले भिडन्तका क्रममा मृत्यु भएका ११ जना युद्धमा कुनै पनि पक्षबाट संलग्न नभएको जनाएको छ । घटनामा परी केही बालबालिकाको समेत मृत्यु भएको पाइएको छ । “धेरै प्यालेस्टाइनीहरुको मृत्यु इस्लामिक जिहाद समूहका कारणले भएको छ, यसबाट हामीले सिक्न सक्नु पर्दछ,” एक सुरक्षा अधिकारीले भने । गाजा क्षेत्रमा इस्लामिक जिहाद समूहले लामो समयदेखि विद्रोही गर्दै आएको छ । उनीहरुको विद्रोहका कारण बेला बेलामा दुई पक्षका बीचमा भिडन्त हुने गरेको छ ।

पछिल्लो दिन दिनमा भएको भिडन्तलाई अति क्षतिपूर्ण घटनाको रुपमा लिइएको छ । दुवै पक्षले यसलाई नराम्रो घटनाका रुपमा महसुस गरेकाले अहिले दुवै पक्षले युद्धविराम घोषणा गरेका छन् ।

सोमबार मध्यरातदेखि लागू हुनेगरी युद्ध विरामको सहमति भएको इजरायलका प्रधानमन्त्री याइर लापिडले पुष्टि गर्नु भएको छ । इजिप्टका मध्यस्थकर्ताहरूको सहयोगमा युद्धविराम भएको खवर थाहा पाएपछि स्थानीय बासिन्दाले खुशीयाली मनाएका छन् ।

# इजरायल, गाजा युद्धविरामको संयुक्त राष्ट्रसङ्घद्वारा स्वागत

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घले महासचिव एन्टोनियो गुटर्रेसले इजरायल र गाजामा भएको युद्धविरामको स्वागत गर्नुभएको छ । महासचिव गुटर्रेस गाजामा भएको आक्रमणबाट यहाँका बालबालिका तथा महिलालगायत सर्वसाधारण नागरिकको ज्यान गएको घटनाबाट आफू दुःखी रहेको बताउनुभएको छ ।

उहाँले यस्तो हिंसात्मक हमलाको अन्त्य गरेर सबै प्रकारका समस्याहरुको समाधानका लागि शान्तिपूर्ण माध्यमबाट अघि बढ्न पनि यसअघि आग्रह गर्नुभएको थियो । प्यालेस्टीनियन इस्लामिक जिहाद, पिआइजे र अर्को अतिवादी समूहका कारण गाजामा इजरायलत तर्फबाट हमला भएको थियो । त्यसमा परेर ४३ जनाको ज्यान गएको थियो भने अरु दुई सयभन्दा बढी मारिएका थिए ।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटर्रेसका प्रवक्ता स्टेफान डुजारिकले महासचिव गुटर्रेसले हाल इजरायल र गाजाका तर्फबाट भएको युद्धविरामको स्वागत गर्दै आगामी दिनमा दुवै तर्फलाई शान्तिको माध्यमबाट अघि बढ्ने काममा सहयोग गर्ने बताउनुभएको जानकारी दिनुभयो । उहाँले हिंसात्मक हमलाका घटनाहरु नहोउन भनेर दुवै तर्फबाट संयमता अपनाउन पनि सबैलाई आग्रह गर्नुभएको प्रवक्ता डुजारिकको विज्ञप्तिमा जनाइएको छ ।

# वेस्टइन्डिजविरूद्धको सिरिज भारतले जित्यो




एजेन्सी । वेस्टइन्डिजविरूद्धको पाँचौं तथा अन्तिम टि २० अन्तर्राष्ट्रियमा सानदार जित निकाल्दै भारतसँग सिरिज ४-१ ले जितेको छ । जितको लागि १ सय ८९ रनको विजयी लक्ष्य पछ्याएको वेस्टइन्डिज १५.४ ओभरमा १ सय रनमा अल आउट हुँदा ८८ रनले पराजित भयो ।

वेस्टइन्डिजका शिम्रन हेटमायरले सर्वाधिक ५६ रन बनाए। शम्राह ब्रुक्स १३ र डेभन थोमस १० रन बनाउनु बाहेक अन्यले खेल्न सकेनन् । वेस्टइन्डिजका ८ खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । जसमध्य पाँच खेलाडी शून्यमा आउट भए। कप्तान निकोलस पुरन ३ र रोभम्यान पावेल ९ रनमा आउट हुँदा घरेलु टोलीले अतिरिक्तबाट ८ रन जोडेको थियो।

वेष्टइन्डिजलाई सस्तैमा रोक्न भारतका स्पिनर रवि विश्नोईले २.४ ओभरमा १६ रन खर्चेर सर्वाधिक ४ विकेट लिए। यस्तै कुलदीप यादवले ४ ओभरमा १ मेडनसहित १२ रन खर्चेर ३ विकेट लिए। अर्का स्पिनर अक्षर पटेलले ३ ओभरमा १ मेडनसहित १५ रन खर्चेर ३ विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको भारतले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ८८ रन बनाएको थियो । उसका लागि श्रेयस ऐरले सर्वाधिक ६४ रन जोडे। दीपक डोडाले ३८ रन बनाउँदा कप्तान हार्दिक पान्ड्याले २८ रन बनाए।

ओपनर ईशान किशनले ११ रन जोड्दा सञ्जु स्यामसन १५, दीनेश कार्तिक १२ र अक्षर पटेल ९ रनमा आउट भए । वेस्टइन्डिजका ओडेन स्मिथले सर्वाधिक ३ विकेट लिए। यस्तै जेसन होल्डर, डोमिनिक ड्रेक्स र हायडन वेल्स जुनियरले एक एक विकेट हात पारे । यो सँगै भारतले ५ खेलको सिरिज ४-१ ले आफ्नो पक्षमा पाऱ्यो।

# दक्षिण कोरियामा सङ्क्रमित घटे

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या फेरि घटेको छ । स्वास्थ्य अधिकारीहरुले सोमबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा ५५ हजार २९२ जना सङ्क्रमित भएका छन् । योसँगै देशभरी अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या दुई करोड ५४ लाख चार हजार ४२० पुगेको छ ।

यसअघि केही दिनदेखि दैनिक एक लाखभन्दा बढी सङ्क्रमित हुने गरेका थिए । अघिल्लो हप्ता औषतमा एक लाख तीन हजार ४११ जना सङ्क्रमित भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । अहिले सङ्क्रमित अवस्थामै रहेका मध्ये ३२४ जनाको अवस्था गम्भीर रहेको पाइएको छ । यो सङ्ख्या अघिल्लो दिनको भन्दा २७ बढी हो ।

पछिल्लो एक दिनमा दक्षिण कोरियामा कोरोना कारण २९ जनाको मृत्यु भएको छ । योसँगै अहिलेसम्म दक्षिण कोरियामा कोरोनाका कारण मृत्यु भएकाहरुको सङ्ख्या २५ हजार २९२ पुगेको छ ।

# ५५ लाख सवारी साधन इन्धन पाउने सूचिमा दर्ता

**सिन्ह्वा**

कोलम्बो । श्रीलङ्कामा इन्धन पाउने सवारी साधनहरुको सूचीमा ५५ लाख सवारी साधन सूचिकृत भएका छन् । इन्धनको अभाव भएपछि कोटा प्रणालीमार्फत इन्धन विक्री गर्ने व्यवस्था सरकारले गरेकाले सवारी साधन सुचिकृत गरिएको हो ।

उनीहरुलाई क्युआर कोड प्रणालीमार्फत इन्धन उपलब्ध गराउन थालिएको उर्जा मन्त्री कन्चन विजेसेकेराले सोमबार जानकारी दिनुभयो । यो व्यवस्था यही अगस्ट १ देखि लागू भएको हो ।

देशभरी अहिले एक हजार २४६ ओटा इन्धन बिक्री केन्द्रबाट इन्धन बिक्री गर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो । सार्वजनिक यातायात सेवाका लागि सञ्चालित ठूला बसलाई भने अरुलाई भन्दा बढी इन्धन दिने गरिएको छ ।

# भ्यान खोलामा खस्दा ८ जनाको मृत्यु

**सिन्ह्वा**

जाकाता । इन्डोनेसियाको पश्चिमी जाभा प्रान्तमा सोमबार बिहान पिकअप भ्यान गहिरो खाडलमा खस्दा आठ जनाको मृत्यु हुनुका साथै अन्य नौ जना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ ।

दुर्घटना प्रान्तको सिआमिस जिल्लाको सिबेरियम गाउँमा भएको हो । उक्त गाडीमा छिमेकी जिल्ला मजालेङ्काका बासिन्दा सियामिसमा विवाह समारोहमा सहभागी हुन सवार रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सियामिसका प्रहरी प्रमुख टोनी प्रसेट्यो युधाङ्कोरोले स्थानीय सञ्चारमाध्यमलाई जनाएअनुसार छ यात्रुको घटनास्थलमै र अन्य दुईजनाको नजिकैको अस्पतालमा उपचारका क्रमाम मृत्यु भएको थियो ।

घाइते अन्य नौ जनाको भने स्थानीय अस्पताल र क्लिनिकहरूमा उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनाको कारण भने गाडीको ब्रेक फेल भएको प्रारम्भिक निष्कर्ष निकालिएको छ ।

# कोलम्बियाको पहिलो वामपन्थी राष्ट्रपति गुस्ताभो पेट्रोद्वारा शपथग्रहण

**एएफपी**

बोगोटा । गुस्ताभो पेट्रोले आइतबार कोलम्बियाको राष्ट्रपतिको रूपमा शपथग्रहण गर्नुभएको छ । उहाँ वामपन्थी नेताको तर्फबाट कोलम्बियाको पहिलो राष्ट्रपति हुनुभएको छ । उहाँको शपथग्रहण समारोहमा लाखौं व्यक्ति जम्मा भएका थिए ।

“कोलम्बियाको संविधान र कानुनलाई इमानदारीपूर्वक लागू गर्न “म भगवानसँग कसम खान्छु र जनतासँग प्रतिज्ञा गर्छु” ६२ वर्षीय पेट्रोले सपथग्रहणका क्रममा भन्नुभएको छ । उहाँले दशकौंदेखि लागुऔषध विरुद्धको प्रयासलाई लक्षित गर्दै “लागुऔषध विरुद्धको युद्ध असफल भएको कुरालाई मान्यता दिने नयाँ अन्तर्राष्ट्रिय महासन्धि गर्नुपर्ने बताउनुभएको छ ।

वन विनाशबाट पीडित कोलम्बियाको अमेजन नदी क्षेत्रका बासिन्दालाई मद्दत गर्न अन्तर्राष्ट्रिय कोष स्थापना गर्न पनि उहाँले आह्वान गर्नुभएको छ । पेट्रोले आफ्नो चार वर्षको कार्यकालमा धनीहरूमाथि कर बढाउने, स्वास्थ्य सेवा र शिक्षामा लगानी गर्ने र गत वर्ष अन्तर्राष्ट्रिय रूपमा निन्दा भएको असमानता विरोधी “र्‍याक” मा सुधार गर्ने वाचा गर्नु भएको छ । भेनेजुयाली राष्ट्रपति निकोलास मदुरोले पेट्रोलाई भिडियोमार्फत् बधाई दिँदै भन्नुभएको छ, “म कोलम्बियाका जनतालाई र राष्ट्रपति गुस्ताभो पेट्रोलाई मानिसबीचको सम्मान र प्रेमको आधारमा भाइचाराको पुनःनिर्माण गर्न मेरो हात बढाउँनेछु ।”

# इरानको आणविक हतियारमा मोह छैन : विदेशमन्त्री

**सिन्ह्वा**

तेहरान । इरानले आफ्नो प्राथमिकतामा आणविक हतियार जम्मा गर्ने नभएको बताएको छ । इरानका विदेशमन्त्री हुसेन अमिर अब्दोल्लाहियानले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग आइतबार टेलिफोन वार्ता गर्दै आफ्नो मुलुकले आणविक हतियार राख्न नचाहेको बताउनुभएको हो ।

“इरानको नीतिमा आणविक हतियारको कुनै स्थान छैन र यो हाम्रो राष्ट्रिय नीति र मान्यताविपरीत छ,’ अमिर अब्दुल्लाहियनलाई उद्धृत गर्दै मन्त्रालयको वेबसाइटमा उल्लेख गरिएको छ । इरानका सर्वोच्च नेता अली खामेनीको धार्मिक आदेशलाई सङ्केत गर्दै उहाँले भन्नुभयो,“आणविक हतियारको प्रयोगबारे सर्वोच्च नेताको फतवा (विचार) सबैबीच स्पष्ट छ । आणविक निःशस्त्रीकरणलाई अगाडि बढाउने ऐतिहासिक अन्तर ाष्ट्रिय सन्धि आणविक अप्रसार सन्धिका सबै पक्षको कार्यान्वयनमा जोड दिँदै उहाँले मध्यपूर्वमा आणविक हतियारमुक्त क्षेत्र स्थापनामा गम्भीर ध्यान दिनुपर्ने र त्यसका लागि इरान सहयोगका लागि तयार रहेको बताउनुभयो ।

सन् २०१५ को आणविक सम्झौतालाई पुनः जीवित गर्न भियनामा जारी वार्ताको बारेमा उहाँले भन्नुभयो, “इरान ‘सशक्त तथा र स्थिर सम्झौतामा पुग्न’ गम्भीर छ, वार्ताको परिणाम पनि वासिङ्टनको सम्झौताप्रतिको इच्छा र व्यवहार तथा आवश्यक लचिलोपन र यथार्थवादमा निर्भर गर्दछ ।’ अमिर अब्दुल्लाहियानले अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आईएईए) लाई इरानमा आईएईए सेफगार्ड्सको प्रयोगमा बाँकी रहेका मुद्दाहरू समाधान गर्न इरानको आणविक कार्यक्रमको प्राविधिक पक्षलाई राजनीतिकरण नगर्न आग्रह गर्नुभएको छ ।

इरानसम्बन्धी संयुक्त विस्तृत कार्ययोजना (जेसीपीओए) का नामले चिनिने आणविक सम्झौतालाई पुनर्जीवित गर्न पाँच महिनाको अन्तरालपछि बिहीबारदेखि भियनामा नयाँ चरणको वार्ता सुरु भएको छ ।


## ।। हार्दिक श्रद्धाञ्जली ।।



स्व. युगेश्वर दास


जन्म मिति २०१७।०५।०९

मृत्यु मिति २०७९।०४।१३

बुवाः- स्व. भुटाई दास
आमाः- स्व. श्रीमती अनार देवी

शिक्षा प्रेमी एवं अभियन्ता, समाजसेवी निर्भिक, न्यायप्रेमी, ईमान्दार, खरो एवं प्रष्ट वक्ता, कर्तव्यनिष्ठ आडर्श व्यक्तित्व एवं २३ वर्ष (वि.सं. २०५६ देखी २०७९ सम्म) देखी अविच्छिय रुपमा श्री चन्द्रोश्य पुस्तकालय बफैका अध्यक्ष रहनु भएका विदेह न.पा. वडा नं. ८ (साविक गा.वि.स. वफै) निवासी स्व.भुटाई दास एवं स्व. श्रीमती अनार देवीका छोरा श्री **युगेश्वर दास** ज्यूको ६२ वर्षको उमेरमा असमयिक निधन भएकोमा पुस्तकालय परिवार गहिरो समवेदना प्रकट गर्दछ । शोकाकुल परिवार जनलाई भगवानले धैर्य धारण गर्न शक्ति प्रदान गरोस् ।

समस्त श्री चन्द्रोश्य पुस्तकालय परिवार



कुलप्रसाद पुर्जाले विदेशबाट फर्किएर सुरु गर्नुभएको बाख्रापालन। *तस्बिर : रासस*

# पहिरोबाट सात जलविद्युत् आयोजना प्रभावित



म्याग्दी । पहिरोका कारण म्याग्दीका सात जलविद्युत् आयोजना निर्माण प्रभावित भएका छन् ।

रघुगङ्गा गाउँपालिकामा-४ धौलागिरिका दुई र मालिकाको एक जलविद्युत् आयोजना निर्माण प्रभावित बनेको हो । अरबौ लगानीमा निर्माणाधीन आयोजनाको काम नियमित नहुँदा निर्माण अवधि लम्बिने र लागत बढ्ने देखिएको छ।

जिल्लामा तीन सय ५३ मेगावाट क्षमताका ११ जलविद्युत् आयोजना निर्माणाधिन छन् । जलविद्युत् आयोजनाका पहुँचमार्गमा पहिरो जाँदा इन्धन, निर्माण सामग्री र सुरुङ खन्न आवश्यक पर्ने विस्फोटक पदार्थ ढुवानीमा समस्या भएको हो।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाका व्यवस्थापक राज विष्टले बाँध र दुई वटा अडिटबाट सुरुङ निर्माण रोकिएको बताउनुभयो ।

"दग्नामबाट खसेको पहिरोका कारण भिँको सिमानामा रहेको बाँध, अडिट १ र २ को सुरुङ निर्माण रोकिएको छ", उहाँले भन्नुभयो, "पावर हाउस र अन्य अडितको काम भने निरन्तर भइरहेको छ । बाँधतर्फ जाने पहुँचमार्गमा पैदल हिँडेर पनि जान नसकिने पहिरो खसेको छ।" राहुघाट नदीमा आएको बाढीले ठेकेदार कम्पनी जयप्रकाश एसोसियट्सले भाडामा लिएको डोजर बगाएको थियो । तुँदी पावर कम्पनी प्रवर्द्धक रहेको ३७ मेगावाट क्षमताको राहुघाट मङ्गले, ४८.५ मेगावाटको अपर राहुघाट र संयुक्त ऊर्जा प्रालिले निर्माण गरिरहेको २१.३० मेगावाट क्षमताको ठुलोखोला जलविद्युत् आयोजना निर्माणस्थल जोड्ने पहुँचमार्ग अवरुद्ध भएका छन् ।

तुँदी पावरका इन्जिनियर प्रकाश तिमिल्सिनाले दग्नामको औरी, चिमखोला र मलाङको पहिरोका कारण डिजेल, सिमेन्ट, रड र विस्फोटक पदार्थ ढुवानी हुन नसकेको बताउनुभयो। भएका सामान सकिएपछि भरिया र खच्चरमा बोकाउँदा महँगो पर्न गएको इन्जिनियर तिमिल्सिनाले बताउनुभयो।

धौलागिरि कालिका हाइड्रो लिमिटेडले मालिका गाउँपालिकामा निर्माण गरिरहेको २५ मेगावाट क्षमताको दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजनाका आवासीय इन्जिनियर बालकुमार रोकाले पहिले दैनिक तीन पटक विस्फोटक हुने गरेकोमा बर्खा लागेपछि एक पटक मात्र गर्न सकिएको बताउनुभयो ।

धौलागिरि र मालिका गाउँपालिकामा अपर म्याग्दी हाइड्रोपावर लिमिटेडले निर्माण थालेको ५३.५० मेगावाट क्षमताको अपर म्याग्दी पहिलो र हाइड्रो इम्पायर प्रालिले धौलागिरि गाउँपालिका-४ मा निर्माण गरिरहेको ३७ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजनास्थल पनि सडक सम्पर्कविच्छेद भएको छ।

नेपाल विद्युत् प्राधिकरणले निर्माण थालेको १३२ केभी क्षमताको डाडाखेत सवस्टेशन निर्माणस्थल जोड्ने सडक पनि अवरुद्ध भएको छ । निरन्तरको बर्सातका कारण दिनमा मर्मत गरिने सडक रातमा भत्किने गर्छन् । निर्माण सामग्री र इन्धनको व्यवस्थापन गर्न नसक्दा आयोजनाका निर्माण कम्पनीले मजदुर घटाएका छन्।

अन्नपूर्ण गाउँपालिकामा सञ्चालित ७१ मेगावाट क्षमताको नीलगिरि क्यासकेड, ३८ मेगावाट क्षमताको नीलगिरि पहिलो, १४ मेगावाट क्षमताको घारखोला र छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना निर्माण कार्यलाई भने निरन्तरता दिइएको प्रवर्द्धकले जनाएका छन्।

विद्युत् विकास विभागका अनुसार ४९ मेगावाट क्षमताका तीन वटा जलविद्युत् आयोजना सञ्चालनमा आइसकेको म्याग्दीमा ७००.८३ मेगावाट क्षमताका १७ आयोजनाले निर्माणका लागि अनुमति लिएका छन् ।रासस

# माछा उत्पादनबाट मनग्य आम्दानी



विराटनगर । सुनसरी बराह क्षेत्र नगरपालिकाका किसानले माछा उत्पादन गरेर मनग्य आम्दानी गर्न सफल भएका छन् । सो नगरपालिका-१० निवासी भीष्म अधिकारीले त्यस क्षेत्रमा माछा उत्पादन गरेर नै आफ्ना पहिचान बनाउनु भएको छ।

अधिकारीले अहिले १५ बिघामा २९ पोखरी बनाउनुभएको छ । मेहेनती अधिकारी पाँच वर्षदेखि यो पेशामा आबद्ध हुनुहुन्छ। एउटा पोखरीको माछा उत्पादनबाट आम्दानी हेरेर सङ्ख्या बढाएको उहाँको भनाइ छ। उहाँले गएको वर्ष रु ४० लाखको माछा बिक्री गर्नुभएको थियो । अभियानमुखी बहुउद्देश्यीय कृषि फार्मबाट उहाँले माछाका दाना उत्पादन गर्ने कारखाना स्थापना गर्नुभएको छ । दाना उद्योगबाट वर्षेनी ४० टन दाना उत्पादन भइरहेको र प्रतिकेजी रु ५६ सम्म बिक्री भइरहेको बताइएको छ।

पानीमा तैरने र नतैरने दुई किसिमको दाना उत्पादन गर्न अधिकारीले स्थानीयस्तरमा उत्पादन हुने मकै, धान खरिद गरी किसानलाई प्रोत्साहन गर्नुभएको छ । किसानले उत्पादन गर्ने धान, मकै, पीना, भटमास, तोरी र दालको भूस माछाका दाना बनाउन खरिद गर्ने गरेको बताइएको छ। सात जनाले नियमित रोजगारी पाएको सो फार्मको विकास र उन्नतिका लागि प्रदेश नं १ सरकारले रु ३० लाख अनुदान दिएको अधिकारीले जानकारी दिनुभयो । प्राप्त अनुदानबाट रु ७५ लाखमा एक ठूलो गोदाम घर निर्माण भएको छ।

रहु, भ्याकुर, ग्रासकार्प, नैनी जस्ता जातका माछा उत्पादन गर्ने र यसका लागि बजारको समस्या नभएको बताइएको छ । माछा उत्पादक अधिकारीले माछाको दाना उत्पादन गर्न ठूलो क्षमताको मेसीन आवश्यक रहेको र यसबाट उत्पादित दाना अन्य माछापालन गर्ने व्यवसायीलाई सहयोग पुग्ने भएकाले प्रदेश सरकारले आर्थिक अनुदान दिनुपर्ने माग गर्नुभयो । कृषि ज्ञान केन्द्र सुनसरीका प्रमुख नीलकमल सिंहले आफ्नै पौरख, क्षमता र लगानी गरी राज्यको उत्पादनमा सहयोग गर्ने किसानलाई उचित मूल्याङ्कन एवं सहयोग हुनुपर्ने बताउनुभयो।

प्रदेशमा हालसम्ममा १० हजार सात सय ७५ पोखरीअन्तर्गत एक हजार नौ सय ६२ दशमलव ३६ हेक्टर जलाशय क्षेत्रबाट कूल नौ हजार आठ सय २० मेट्रिकटन माछा उत्पादन भएको छ। आव २०७७/७८ भन्दा गएको आवमा पोखरीको सङ्ख्या र जलाशय क्षेत्र पनि बढेको छ। अघिल्लो आवमा नौ हजार एक सय ६० मेट्रिक टन माछा उत्पादन भएको निर्देशनालयका निर्देशक पशुपति ढुङ्गानाले जानकारी दिनुभयो।

ट्राउट माछातर्फ आव २०७७/७८ मा सङ्ख्या एक सय ८१ बाट गएको वर्षमा तीन सय ६२ पुगेको छ । जलाशय क्षेत्र तीन हजार छ सय ११ हेक्टरबाट छ हजार आठ सय ५० पुगी गएको वर्षमा ३८ मेट्रिक टन ट्राउट माछा उत्पादन भएको छ। यस क्षेत्रको उत्पादनमा आत्मनिर्भर बनाउन जलाशय क्षेत्रको पहिचान गरी माछा उत्पादन एवं माछापालनमा किसानलाई प्रोत्साहन गर्नु पर्ने भन्दै प्रदेश नं १ का कृषि सचिव मोघनाथ तिमल्सेनाले भन्नुभयो, "अब कृषि उत्पादन वृद्धि नगरी मुलुकमा समृद्धि आउँदैन ।" रासस

# आयोजना सकियो आएन पानी

गलकोट । बागलुङ नगरपालिका-१ माझी बस्तीमा खानेपानीको अभाव भएको छ। माझी बस्तीका स्थानीयले अहिले कालीगण्डकी किनारबाट पानी बोकेर खाँदै आएका छन्।

माझीबस्तीमा खानेपानीको चरम अभाव टार्नका लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङले तीन वर्षअघि सुरु गरेको माझी बस्ती लिफ्ट खानेपानी योजनाको पूर्वाधार निर्माण सम्पन्न भएको थियो । ती समुदाय अहिले पानी घरमा रित्तो धारो एक वर्षदेखि हेर्दै छन् । विसं २०४८ मा बागलुङ पोखरा सडकखण्ड विस्तारको क्रममा विस्थापित माझी समुदायलाई २० वर्ष बाङ्गेचौर खेल मैदानमा राखियो। बागलुङ नगरपालिकाको पहलमा बागलुङ नगरपालिका-१ रामरेखा स्थित कालीगण्डकी किनारामा तीन वर्षअघि मात्रै जग्गा खरिद गरेर नयाँ घर व्यवस्थापन गरिएको थियो।

माझी बस्तीमा १४ नमूना घर निर्माणसँगै उनीहरूले आफ्नै घर पाए पनि अन्य सेवा सुविधा पाउन सकेका छैनन् ।नमूना बस्तीमा एक घर एक धारा वितरणका लागि तीन वर्षअघिदेखि सुरु भएको खानेपानी आयोजना एक वर्षअघिनै सक्कियो, ट्याङ्की, धारोलगायतको पूर्वाधार निर्माण सम्पन्न भइसक्यो तर एक वर्षदेखि पानी भने खस्न सकेको छैन।

उपभोक्ता समिति, वडा कार्यालय र खानेपानी तथा सरसफाइ कार्यालयको समन्वय अभावमा योजना सम्पन्न भए पनि पानी आउन नसकेको हो। 'एक घर एक धारा' पुऱ्याउने माझी बस्ती खानेपानी आयोजना निर्माण गर्दै झण्डै रु ३० लाख खर्च भइसकेको छ तर माझी बस्तीको घरमा पानी बिनाकै धारो बनेको एक वर्ष पुगिसकेको छ । माझी समुदायले दैलोमा खानेपानीको धारो बनेको एक वर्ष वित्दा समेत खानेपानी नआएको दुखेसो गरेका छन्।

कालीगण्डकी किनाराको खानेपानीलाई लिफ्टमार्फत करिब ५०० मिटर माथी तानेपछि नमूनामा बस्तीमा खानेपानी वितरण गर्ने योजना अधुरै बनेको बागलुङ नगरपालिका-१ का वडाध्यक्ष जयबहादुर केसीले बताउनुभयो। उहाँले नयाँ जनप्रतिनिधि आएपछि तत्कालै आयोजनामा पनि सुचारु गर्नका लागि काम थालिरहेको बताउनुभयो।

"खानेपानी समस्या समाधानका लागि अघिल्लो जनप्रतिनिधिले के गरे त्यो बुझ्नै पर्दछ, म निर्वाचित भएर आएपछि यस्को समस्याका विषयमा जानकारी पाए, अहिले खानेपानी तथा सरसफाइ कार्यालय र नगरपालिका सँग समन्वय भइरहेको छ", वडाध्यक्ष केसीले भन्नुभयो, "विद्युत् जोडेर पम्प चलाए मात्रै पानी आउछ, त्यसमा समन्वयको मात्रै अभाव भएको देखियो।"

कोरोना महामारीका कारण खानेपानी योजना समयमै नसकिएको र अहिले विद्युत् जडानको काम नहुँदा पानी आउन नसकेको माझी बस्ती खानेपानी आयोजना उपभोक्ता समितिका अध्यक्ष कृष्ण माझीले बताउनुभयो । माझीले कोरोनामा आफैं बिरामी भएर महिनौं बस्दा आयोजनामा समय दिन नसकेको भन्दै खानेपानी कार्यालयसँग समन्वय गरेर विद्युत् जडान गरी पानी तान्नका लागि पहल गर्ने बताउनुभयो । उहाँले १४ घरमा धारा निर्माण, ट्याङ्की तथा वितरण पाइपलगायत भौतिक पूर्वाधारमा खानेपानी कार्यालयको रु ३० लाख खर्च भइसकेको बताउनुभयो। अध्यक्ष माझीले माझी बस्तीमा हिउँदमा खानेपानीको चरम अभाव भएको भन्दै हिउँदसम्म खानेपानी धारोमा ल्याउने गरी आफूले सरोकारवाला निकायलाई जवाफदेही बनाउने बताउनुभयो।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी तथा इन्जिनियर ईश्वरीप्रसाद शर्माले हिउँदभित्रै माझी बस्तीमा खानेपानी ल्याउने गरी कार्यालयले काम गर्ने बताउनुभयो।

"हामीले आयोजना सम्पन्न भयो भन्ने हिसाबले अघिल्लो दुई आर्थिक वर्षअघिको योजनालाई हेऱ्यौं, पानी खसाल्ने काम उपभोक्ता समितिको समन्वयममा हुन पर्दथ्यो, अब हामी स्थलगत अनगुमन पछि आवश्यक बजेट खर्चेर पानी तान्ने उपकरण जोड्नेछौं" शर्माले भन्नुभयो "हिउँदभित्रै माझी बस्तीमा लिफ्टमार्फत खानेपानी पुऱ्याउँछौं।"रासस

# नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १७.६८ अङ्कले ओरालो लागेर दुई हजार १०६.१५ मा ओर्लेको छ । यस्तै, ठूला कम्पनीको कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक ३.४४ अङ्कले ओरालो लागेर ४०६.११ मा सीमित भएको छ। कूल २१४ कम्पनीको ६५ लाख २७ हजार ४१४ कित्ता शेयर रु दुई अर्ब ८५ करोड ७० लाख ७२ हजार ९६१ मूल्यमा कारोबार भयो।

कारोबार भएका कूल १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने ११ उपसमूहको शेयर मूल्य ओरालो लागेको छ। उत्पादन ५.६४ र सामूहिक लगानी कोष ०.०४ अङ्कले उकालो लागेको छ। यस्तै, बैंकिङ ५.८४, व्यापार ११.३८, होटल तथा पर्यटन ४६.१६, विकास बैंक ५२.०३, जलविद्युत् २६.८१, वित्त २४.८४, निर्जीवन बीमा ३६.४८, अन्य ३८.६५, लघुवित्त १७.४८, जीवन बीमा १०१.९२ र लगानी ०.९८ अङ्कले ओरालो लागेको छ। कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु २० करोड ७१ लाख ६९ हजार ९३५ बराबरको कारोबार भयो।

त्यस्तै, नबिल बैक रु १० करोड ८५ लाख ४३ हजार १५१, नागरिक लगानी कोष रु आठ करोड २१ लाख २८ हजार ९६९, नेशनल हाइड्रोपावर रु सात करोड ६५ लाख ९१ हजार ५४५ र हिमालयन डिस्टिलरी रु सात करोड १८ लाख ४४ हजार ३४२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए । नेप्सेका अनुसार गुराँस लघुवित्त र हिमालयन हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । त्यस्तै, युनिलिभर नेपाल ५.५९, आरबीबी म्युचुअल फण्ड ५.१९, समता घरेलु लघुवित्तका लगानीकर्ताले ४.०६ प्रतिशतले कमाए।

त्यस्तै, जानकी फाइनान्स ४.३१, एनआइसी एशिया सेलेक्ट फण्ड ३.८४, सिनर्जी पावर ३.५५, एशियन लाइफ इन्स्योरेन्स ३.४२ र कर्णाली डेभलपमेन्ट बैंकका लगानीकर्ताले ३.३१ प्रतिशतले गमुाए ।रासस


MADHESH PROVINCE GOVERMENT

## MINISTRY OF SOCIAL DEVELOPMENT

## PROVINCE HEALTH DIRECTORATE

## Provincial Hospital

Lahan, Siraha

## INVITATION FOR ELECTRONIC BIDS

**Contract Identification No:MP/PHL/NCB/GOODS-3/2079-80**

**First date of publication: 24 Shrawan, 2079 (9th August 2022)**

1. Ministry of Social Development, Provincial Hospital Lahan Siraha has allocated funds to cover eligible payments under the Contracts for MP/PHL/NCB/GOODS-3/2079-80.Bidding is open to all eligible Bidders.
2. The Provincial Hospital Lahan, Siraha invites electronic bids from eligible bidders for the procurement, Delivery & Installation of Orthopedic OT Equipment under National Competitive Bidding procedures specified in public procurement act and regulation.
3. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Provincial Hospital Lahan, Siraha, E-mail:lahanhospital584@gmail.com, may visite-GP system www.bolpatra.gov.np/egp.
4. Bidding documents is available online and can be downloaded frome-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| **Name of Bank:** | Rastriya Banijiya Bank, Siraha |
| **Nameof the Office :** | Provincial Hospital Lahan, Siraha |
| **Office Code No:** | 3500016022 |
| **Revenue Head No:** | 14229 |
| **Act No:** | 1000200010000 |

5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Provincial Hospital Lahan, Siraha on or before12:00 PM on 23 Bhadra 2079 (8th September 2022)
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend on14:00 on 23 Bhadra 2079 (8th September 2022) at office of Provincial Hospital Lahan, Siraha. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting as per below Bank Voucher in the name of Financial Controller General Office, Siraha, Dharauti Account No: 2130100202030000 in Rastray Banijiya Bank Siraha, Office Code:3500016022. The bid security shall be valid for minimum 30days beyond the bid validity period.
7. The pre-bid meeting will be organized on 14th Bhadra, 2079 at Provincial Hospital Lahan, Siraha.
8. If the last date of the Bid submission and opening falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the bid validity and bid security validity shall reconized with effect from the original bid submission deadline.
9. The bid is in package and tender will be evaluation in package basis.

| S. N. | Contract Identification No. | Description of Items | Qty. | Cost of Bidding document (NRs) | Amount of Bid security (NRs) |
|---|---|---|---|---|---|
| 1. | MP/PHL/NCB/ GOODS-3/2079-80 | Procurement, Delivery and Installation of Orthopedic OT Equipment | As per BOQ | 3000 | 3,75,000 |

# पाँच दलीय गठबन्धन बिनाको गाँउ परिषद् मान्य नहुने

टुडे समाचारदाता

कलैया।प्रसौनीगाँउपालिकाका अध्यक्ष बिनोद प्रसाद जयसवाल र प्रमुख प्रशासकीय अधिकृत सुनिल कुमार केसरीले प्रतिपक्षमा रहेको पाँच दलीय गठबन्धनलाई बाईपास गरी गाँउ परिषद् चोरबाटो गर्ने खोजे आफूहरुलाई मान्य नहुने बताएका छन् ।अध्यक्ष जयसवार अल्पमतमा भएपनि बहुमत कार्यपालिका सदस्यहरुलाई गुमराहमा पार्ने काम साउन २१ गते गरेको हुँदा सोमवार पत्रकार सम्मेलनको आयोजना गरी पाँच दलीय गठबन्धन भित्र रहेका नव निर्वाचित वडा अध्यक्ष,कार्यपालिका सदस्यहरुले अध्यक्ष जयसवालले गरेका गलत कामको भन्डाफोर गरेका छन् ।



३९ जना गाँउसभा सदस्य रहेकोमा पाँच दलीय गठबन्धनमा २२ जना रहेका छन भने १५ कार्यपालिकाको बोर्डमा पनि गठबन्धनमा १० जना कार्यपालिका सदस्य रहेको हुँदा समेत पनि लोकतान्त्रीक परिपार्टीलाई नै धज्जी उडाउँदै आफूहरुसंग कुनै प्रकारको छलफल नै नगरी गाँउसभा गरेको नाटक मंचन गरी आफ्नो पक्षका कार्यपालिका सदस्यहरुलाई विभिन्न प्रलोभनमा पार्ने प्रयास गरी खेतमा काम गर्ने अवस्थामा पनि माईनेट लिएर सही गराउने सम्मको काम गरिरहेको वडा नम्बर ६ का वडाअध्यक्ष वृजकिशोर कुसवाहाले जानकारी दिए ।

त्यति मात्र नभई विषयगत समितिको बैठक, योजना तर्जुमा समितिको बैठक, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समितिको समेत बैठक नबसी गाँउ परिषद् गर्दा कुन कुन योजना कहाँ कहाँ कति कति बजेट दिने बारेमा पनि कार्यपालिकाबाट निर्णय समेत नगरी बहुमतलाई उपेक्षा गरी अध्यक्ष जयसवाल र प्रमुख प्रशासकीय अधिकृत केसरीले जोरजबरजस्ती कानून विपरीत गाँउ परिषद् गरेको हुँदा सो बिषयगत समितिहरुको बैठक यथाशीघ्र बोलाई विभिन्न वडाहरुबाट संकलन गरिएको योजनाहरु कार्यपालिकाबाट अनुमोदन गरी सबै प्रक्रिया पुरयाई पाँच दलीय गठबन्धनलाई सरिक गराई पुनः गाँउ परिषद् बोलाउन पत्रकार सम्मेलन मार्फत माग गरेका छन् ।

ऐन संशोधन,नियमसंगत गाँउ परिषद्, बिषयगत समितिको बैठकको माग समेत गरेका छन् । प्रमुख प्रशासकीय अधिकृत सुनिल र लेखापाल प्रेमबाबु पटेल र केही कर्मचारीहरुको निजी स्वार्थका कारण नगरपालिकाको कार्यालय तहननहस भई निर्वाचित प्रतिनिधिहरु बीच नै विवादको वतावरण सृजना पटक पटक गराउँदै आएको सो पत्रकार सम्मेलनमा जानकारी दिएको थियो।

लेखापाल प्रेमबाबु त नगरपालिकाको केन्सर भएको हुँदा नैतिकताको आधारमा प्रसौनी गाँउपालिकाबाट अन्यत्र जान सुझाव दिदै नगए कार्यालयमा प्रवेश समेत निषेध गर्ने वडाअध्यक्ष कुसवाहाले भने । अर्कोतिर प्रमुख प्रशासकीय अधिकृत केसरीले एमालेमय योजनाहरु ल्याउनमा सघाउने र एमालेबाट जितेका वडाहरुमा कामकाज निर्वाध रुपमा गर्ने गराउन भुक्तानी समेत दिने गरेको र कांग्रेस, माओवादी केन्द्र र नेकपा समाजवादी पार्टीबाट जितेका वडाअध्यक्षहरुको वडामा विभिन्न प्रकारको बखेडा झिकी विकासको काममा अवरोध गर्ने गरेको वडा अध्यक्ष साहले आरोप लगाए।

प्रमुख प्रशासकीय अधिकृतको सर्तकता केन्द्र काठमाण्डुमा सरुवा भएको भएपनि फेरि पनि प्रसौनी गाँउपालिकामा आउने ताना बुन्दै गरेको हामीले सुईको पाएको छु । यदि फेरि केसरी प्रसौनीमा पाईला टेके कार्यपालिकाको बहुमत बोर्ड सदस्यहरुको निर्णय गरी केसरीलाई धपाउने काम पनि आफूहरु गर्ने बाध्य हुन वडा अध्यक्ष याकुब अंसारीले भने।

४८ करोड ४६ लाख ७५ हजार बजेट रहेको हुँदा प्रत्येक वडामा ८० लाख र कार्यपालिका सदस्यहरुलाई जनही ५ लाख रुपैया दिने सहमति भएपनि किन के उद्देश्यले अध्यक्ष जयसवालले गाँउ परिषद् फर्जी गर्न खाजेको हो वडाअध्यक्ष छोटेलाल प्रसादले प्रश्न गरे । पत्रकार सम्मेलनमा वडाअध्यक्षहरु बृजकिशोर साह, हृदय कुमार साह, छोटालाल प्रसाद, याकुव अंसारी, कार्यपालिका सदस्यहरु सुनैना देवी कलवारिन, शिवजी कुमार लगायतको उपस्थिति रहेको थियो।

# मुलुकको समृद्धिको लागि गठबन्धन सरकारलाई फाल्नु पर्छ : अध्यक्ष ओली

टुडे समाचारदाता

रौतहट। नेपाल कम्युनिस्ट पार्टी एमालेका अध्यक्ष एवं पूर्व प्रधानमंत्री केपी शर्मा ओलीले समृद्ध नेपाल र खुशी नेपालीको लागि बर्तमान गठबन्धनका सरकारलाई फाल्नुको बाहेक कुनै विकल्प नरहेको बताएका छन् । नेकपा एमाले जिल्ला कार्यसमिति रौतहटले गौर स्थित व्यारेक मैदानमा सोमबार आयोजना गरेको बृहत् पार्टी प्रवेश एवं जनसभा कार्यक्रममा ओलीले विकास विरोधी भ्रष्टाचारको बढ़ावा दिने सरकार गठबंधन भएकोले नहटाए सम्म मुलुकको समृद्धि र विकास सम्भव नरहेको दाबी गरे।



एमाले नेतृत्वको सरकारले रौतहटमा विकासको लागि राखेको योजनाहरु सहित देश भरिका शहरी विकास पूर्वाधार सड़क निर्माणका १४ सय योजनाहरु हटाएको आरोप लगाए । गौरको विकासको लागि आफ्नो नेतृत्वको सरकारले शहरी विकास मंत्रालय मार्फत राखेको सवै योजना वर्तमान सरकारले हटाएर विकास विरोधी भएको प्रमाणित भएको कारण आउँदो निर्वाचनमा ५ दलीय गठवन्धनलाई पराजित गरेर एमालेको सरकार बनाउन मतदान गर्न आग्रह समेत गरे।

गठवन्धन सरकारलाई बागमती तथा लाल बकैया नदी नियंत्रणको लागि छिमेकी मुलुकसंग कुरो गर्ने हैसियत नभएको भन्दै ओलीले आफूले शुरू गरेको डुवान समस्याको स्थायी समाधानको योजना समेत हटाएको आरोप लगाए । उनले परमादेशी सरकारबाट देश र जनताको उन्नति प्रगति समेत हुन नसक्ने ठोकुवा गरे। खुशी नेपाली र समृद्ध नेपालको लागि एक मात्र एमालेको बहुमतको नेतृत्व रहेको जिकिर गरे । २१ महिनासम्म सरकारका नेतृत्व गरेका माधव नेपालले रौतहटको गौरको विकासको लागि केही गर्न नसकेको कारण असक्षम नेता रहेको टिप्पणी गरे । विकास विरोधी ,मजदुर ,किसान ,युवाको रोजगारीको लागि केही गर्न नसक्ने असक्षम सरकार गठबन्धनको सरकार रहेको आलोचना समेत गरेका पूर्व प्रधानमंत्री ओलीले आउदो निर्वाचनबाट एमाले ठूलो दल बन्ने ठोकुवा गरे। कार्यक्रममा पूर्व उपप्रधानमंत्री रघुवीर महासेठले गठवन्धनको सरकारको कारण मुलुकको अर्थतन्त्र धराशायी हुन लागेको आरोप लगाए।

पूर्व मंत्री प्रभु साहले रौतहटको जनताको विकासबाट पछि पर्ने गठवन्धनको सरकार रहेको बताए। शहरी विकास मंत्री हुँदा रौतहटको विभिन्न सहरलाई सहरीकरण गर्ने उद्देश्यले राखेको बजेट पनि वर्तमान सरकारले हटाएर जनभावना विरुद्ध कार्य गरेको भनी कडा आलोचना गरे। राजदेवी नगरपालिकाको वड़ा नम्बर ६ र ५ को बीच बागमती नदीमा एमालेको सरकार बन्ने पछि पक्की पुलको निर्माण गराउने उनले बताए।

ख़राब मौसमको कारण ढिलो आएका पूर्व प्रधानमंत्री ओलीले लोकतान्त्रिक समाजवादी पार्टीका महासचिव एवं पूर्व नगर प्रमुख अजय कुमार गुप्ता , नेपाली कांग्रेसका जिल्ला सचिव राजेश चौधरी , पूर्व संविधान सभा सदस्य चन्दन जैसवाल गढ़ीमाई नगरपालिकाका पूर्व उपप्रमुख सुभद्रा गुप्तालाइ पार्टी प्रबेश गराएका थिए । नेपाली कांग्रेसका राजीव कुमार सिंह , राजू साह , नेकपा माओवादीका भोला पांडेय , अनिता पांडेय , लोसपाबाट निर्वाचित भएका पूर्व वड़ा अध्यक्ष श्याम सुन्दर पटेल , राम स्वार्थ राय यादव , वड़ा सदस्य भैरो महतो , विद्यार्थी नेता ओम प्रकाश साह मधेशिया , सीके जैसवाल ,लगायत ५ हजार ७ जना नेपाली कांग्रेस , नेकपा एस , लोसपा , माओवादी , जसपा पार्टी परित्याग गरेर नेकपा एमालेमा प्रबेश गरेका थिए।

# विज्ञान प्रतिष्ठान निर्माणको प्रारम्भिक प्रक्रिया सुरु

टुडे समाचारदाता

राजविराज। रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणको प्रारम्भिक प्रक्रिया सुरु भएको छ। राजविराज नगरपालिका-१० स्थित हुलाकी राजमार्गको छेउमा नरपालिकाले उपलब्ध गराएको ६२ विघा जग्गामा निर्माण हुने प्रतिष्ठान भवनको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) का लागि सम्झौता भएसंगै प्रारम्भिक काम सुरु भएको हो।



प्रस्तावित जग्गाको घेरवार, वातावरणीय प्रभाव मूल्यांकन, भूमिको अवस्था, माटोको परीक्षण लगायतको काम यस अघि नै सकाएको प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिले डीपीआरको काम समेत अघि बढाएको छ। तीन दिन अघि मात्र डीपीआरका लागि डिजीकोन कन्सलटेन्सी कम्पनी र रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिबीच सम्झौता सम्पन्न भएको सोमबार समितिले पत्रकार सम्मलेनको आयोजना गरी जानकारी दिएको छ।

जस अनुसार रु ७ करोडमा नक्शा र भवन निर्माण सम्मको मोनिटरिङ्ग गर्ने जिम्मा उक्त कम्पनीले पाएको छ। यसबारे अघिल्लो दिन आईतबार समितिले राजनितिक दल, प्रतिष्ठान निर्माण स्थल आसपासका वासिन्दा, सुरक्षा निकायका प्रमुख लगायत सरोकारवालाहरुको बैठक गरी डीपीआर सम्झौता र प्रतिष्ठान भवन निर्माणका बारेमा आवश्यक छलफल गरेको थियो । उक्त बैठकमा प्रतिष्ठान संचालन गर्न प्राविधिक पक्ष र आर्थिक पक्ष लगायतका विभिन्न विषयमा छलफल भएको प्रतिष्ठानका निर्देशक डा.रंजित झाले पत्रकार सम्मेलनमा जानकारी गराए ।

सम्झौता अनुसार डिजीकोन कन्सलटेन्सीका प्राविधिहरुको टोली सोमवारदेंखि नै निर्माण स्थलमा पुगी डीपीआर लगायतको काम सुरु गरेका छन्। निर्देशक डा.झाका अनुसार डीपीआरको कामलाई दुई चरणमा विभाजन गरिएको छ । जस अनुसार पहिलो चरणमा चार महिना भित्र नक्शा र डिजाईनको काम सम्पन्न हुने छ। यी चरण पार गरे लगतै संरचना निर्माणको काम सुरु हुने र तीन वर्ष भित्र निर्माण कार्य सम्पन्न गरिसक्ने लक्ष्य रहेको छ। पत्रकार सम्मेलनमा समितिका कार्यकारी अध्यक्ष डा.रोहित पोखरेलले डीपीआरका लागि सम्झौता भएसंगै अब प्रतिष्ठान निर्माणको बाटो खुलेको बताए। जग्गा प्राप्ति, समय मै बजेटको प्राप्ति तथा प्रतिष्ठानको ऐन निर्माणमा ढिलाई हुँदा निर्माण कार्य केही सुस्त देखिए पनि सम्झौता सम्पन्न भएपछि अब निर्माण कार्यले गति लिने उनले बताए।

नेपाल सरकारले यस अघि नै प्रतिष्ठान निर्माणको प्रारम्भिक कार्यका लागि राजविराजमा कार्यालय स्थापना गरी ४० करोड रुपैया बजेट विनियोजन गरेको थियो । जस मध्ये १० करोड रुपैया प्रतिष्ठानको खातामा जम्मा भएको कार्यकारी अध्यक्ष डा.पोखरेलले बताए । हालसम्म घेरबार, वातावरणीय प्रभाव मूल्यांकन, माटो परीक्षण, कार्यालय व्यवस्थापन लगायतका काममा २ करोड १५ लाख खर्च भईसकेको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ।

प्रतिष्ठान स्थापनाका लागि तत्कालीन उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादव, राष्ट्रिय सभाका सदस्य सुमनराज प्याकुरेल, संविधानसभा सदस्य रञ्जु झा, गजेन्द्र नारायण सिह अस्पतालका तत्कालीन मेडिकल सुपरिटेन्डेन्ट समेत रहेका डा.रञ्जीत झा लगायतले सक्रियता देखाएपछि २०७४ भदौ १ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशको प्रदेशसभालाई सम्बोधन गर्दै राजविराजमा गणतन्त्रवादी नेता स्व.रामराजा प्रसाद सिहको नाममा स्वास्थ्य विज्ञान प्रतिष्ठान र मेडिकल कलेज स्थापना गर्ने घोषणा गरेका थिए।

त्यसपछि मन्त्रिपरिषद्को २०७५ पुष २३ गतेको बैठकले प्रधानमन्त्री ओलीको घोषणालाई मुर्तरुप दिदै राजविराजमा गणतन्त्रवादी नेता सिहको नाममा प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेको थियो।

मन्त्रिपरिषद्ले निर्णय गरेपछि २०७८ असाढ २२ गते तत्कालीन प्रधानमन्त्री ओलीले भर्चूअल माध्यमबाट प्रतिष्ठानका लागि भवन निर्माणको शिलान्यास गरेका थिए । प्रतिष्ठानको निर्माण कार्य सम्पन्न गर्न करिब १२ अरब रुपैया खर्च हुने अनुमान गरिएको प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिका कार्यकारी अध्यक्ष डा.पोखरेलले जानकारी गराएका छन् । प्रतिष्ठान संचालनमा आएपछि सप्तरीबासी मात्र नभई पुरै मधेश प्रदेश र आसपास जिल्लाका वासिन्दा समेत लाभान्वित हुने विश्वास गरिएको छ।

# प्रदेशका महिला पत्रकारलाई प्रशिक्षण

टुडे समाचारदाता

कलैया । मानव अधिकारसंग जोडिएको घट्नाहरुलाई उजागर गर्ने उद्देश्यले मधेश प्रदेशका महिला पत्रकारलाई बाराको सिमरामा प्रशिक्षण दिएको छ।



मानव अधिकार पत्रकार संघको आयोजनामा प्रदेशका आठ जिल्लाका १६ महिला पत्रकारलाइ दुई दिने प्रशिक्षण दिइएको छ।

पत्रकारिताको माध्यमबाट मानव अधिकार रक्षाका लागि सहयोग पुऱ्याउने उद्देश्यले प्रदेश स्तरीय तालिम संचालन गरिएको थियो।

कार्यक्रममा खोज पत्रकारिता केन्द्रकी पूर्वअध्यक्ष नम्रता शर्मा, ई कागज अनलाईनका प्रधान सम्पादक हरिबहादुर थापा, हुर्जाका अध्यक्ष घनश्याम खड्काले प्रशिक्षण दिएका थिए।

मानव अधिकारसंग जोडिएका विषयको उठानसंगै प्रशिक्षण कार्यक्रममा महिलाका चुनौती, अवसर लगायतका विषयमा छलफल भएको थियो।

सहभागीले आफ्ना जिल्लामा देखिएका समस्या र अवस्थाको विषय कार्यक्रममा चर्चापरिर्चा गरिएको थियो।

डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो ।

यसका लक्षणहरु:

- दुःखी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

यसबाट बच्न,

- परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारिरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मदिरापान जस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- केही समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसंग परामर्श गर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नगरबासी चर्को रकम तिरी साईबरबाट फारम भर्न बाध्य

रञ्जन यादब

कलैया । जीतपुरसिमरा उपमहानगरपालिकाले अनलाईन राष्ट्रिय परिचय पत्र र राहदानीको फारम अहिले सम्म भर्न सुरु गरेको छैन् । जिल्ला प्रशासन कार्यालय बाराले साउन १५ गते देखि नै राष्ट्रिय परिचय पत्र र राहदानीको फारम भर्न परिपत्र गरेपनि उपमहानगरपालिका अहिलेसम्म यस बिषयमा बेखबर रहेको छ।



उपमहानगरपालिका क्षेत्रका बासिन्दाहरु १ देखि दुई हजारसम्म फरम भरेबापत साईबरहरुलाई चर्को रकम तिर्ने गरेका छन् । सम्बन्धित पालिकाले निशुल्क फर्म भरेर दिएपछि जिल्ला प्रशासन कार्यालय वा ईलाका प्रशासन कार्यालय पुग्न जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ।

सर्बसधारणको पैसा र समय बचाउने उद्देश्यले ल्याइएको यो पद्धति जीतपुरसिमरा उपमहानगरपालिकाले कर्मचारीको अभाव र फेरबदलको कारण देखाउँदै उपमहानगरपालिकामा अहिलेसम्म लागु गरेको छैन् । फारम भर्न आएका सेवाग्राहीहरु काम नभएपछि निराश भएर फर्किने गरेका छन् ।

उपमहानगरपालिकाको पञ्जिकरण शाखाबाट यो सेवा लिन सक्ने जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ तर यो कार्यको बिषयमा आफूलाई केही जानकारी नभएको उक्त शाखाको कर्मचारीहरु बताएका छन्।

उपमहानगरपालिकाको प्रशासन प्रमुख रामेश्वर बञ्जाराले उपमहानगरपालिकामा कर्मचारी हेरफेर भएकाले अनलाईन राष्ट्रिय परिचय पत्र र राहदानीको फारम भर्ने कार्य ढिलाई भएको बताए।

# नेपाललाई प्लाष्टिक प्रदूषण मुक्त बनाउन प्रतिबद्ध छु : वनमन्त्री यादव

टुडे समाचारदाता

काठमाण्डु। वन तथा वातावरणमन्त्री प्रदीप यावदले नेपाललाई प्लाष्टिक प्रदूषण मुक्त बनाउन आफू प्रतिबद्ध रहेको बताएका छन् । दक्षिण एसिया देशहरुमा रहेका नदी तथा समुद्रलाई प्लाष्टिक प्रदूषण मुक्त बनाउन दक्षिण एसिया सहकारी वातावरण कार्यक्रम (सासोप) ले सोमबार आयोजना गरेको सरोकारवाला, परामर्शदाता तथा निकायहरुको सहभागितामा देश विशेष वृहत् कार्यशालामौ मन्त्री यादवले नेपाललाई प्लाष्टिकजन्य फोहर र प्रदूषण नियन्त्रण गर्न आफू लागि परेको बताए।

प्लाष्टिकजन्य प्रदूषण अहिलेको सबैभन्दा ठूलो समस्या मध्ये एक हो, यसको समाधान खोज्न हामीले ढिलो गर्नु हुँदैन्,' मन्त्री यादवले भने। मन्त्री नियुक्त भए पश्चात छोटो समयमै धैरै कामहरुको सुरुवात गरेको दाबी गर्दै उनले ४० माइक्रोन भन्दा कम मोटाईको प्लाष्टिकको प्रतिबन्धलाई कडाईका साथ कार्यान्वयन गर्न आफूले निर्देशन दिएको जानकारी गराए । यादवले केही दिन अगाडि मात्रै मन्त्रालयबाट एउटा सूचना जारी गर्दै ४० माइक्रोनभन्दा कम मोटाईको प्लाष्टिक प्रतिबन्धलाई कडाईका साथ लागु गर्न सम्बन्धित निकायहरुलाई निर्देशन दिएका थिए।




त्यसैगरी उनले प्लाष्टिकजन्य पुष्पगुच्छा तथा माला आयात, विक्रीवितरण र भण्डारणमा पनि आफूले मन्त्रीस्तरीय निर्णय गर्दै प्रतिबन्ध लगाएको जानकारी दिए। प्रतिबन्धले प्रदूषण न्यूनीकरण गर्नुका साथै देशमा प्राकृतिक फूल उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने र व्यापार घाटासमेत कम गर्ने उनको विश्वास छ। आगामी भदौं १ गतेदेखि प्लाष्टिक प्रदूषण मुक्त बनाउन थप कामहरु पनि हुन गइरहेको उनले जानकारी दिए। यसैगरी वीरगञ्जस्थित सिर्सिया नदीमा भइरहेको औद्योगिक र मानवीय प्रदूषणलाई नियन्त्रण गर्नका लागि मन्त्रालय तथा मातहतका निकायबाट महत्वपूर्ण कामहरु भइरहेको उनले बताए।

वीरगञ्जको सिर्सिया नदीलाई प्रदूषणमूक्त बनाउन म लागी परेको छु, मन्त्रालयबाट खटेको एउटा विज्ञहरुको टोलीले त्यहाँ अनुगमन गर्दैछ, अनुगमनको प्रतिवेदन आउनसाथ नदीलाई प्रदूषित गर्ने उद्योगहरुलाई कारबाही गर्ने प्रकिया सुरु हुन्छ,' उनले भने । आफूहरुले राष्ट्रियस्तरबाट प्लाष्टिकजन्य फोहर र प्रदूषण कम गर्न निरन्तर काम गरिरहेपनि अन्तर्राष्ट्रियस्तरको सहयोग बिना त्यो अपर्याप्त हुने उनको भनाइ थियो । प्लाष्टिक प्रदूषण मुक्त बनाउन हामी एक्लैले चालेका कदमहरु अपर्याप्त हुन सक्छन । अन्तर्राष्ट्रिय स्तरबाट सहयोगको पनि आवश्यकता छ, हाम्रो अभियानमा सबैको साथ र सहयोग हुनुपर्दछ,' उनले आग्रह गरे । मन्त्रालयका सचिव डा. पेम नारायण कँडेलको अध्यक्षतामा भएको कार्यक्रममा सासोपका महानिर्देशक एमडी मसुमुर रहमान, विश्व वैंकका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८